# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ३ अङ्क ३० पूर्णाङ्क १२८ | २०७५ माघ ७ गते सोमबार | Monday, Jan. 21, 2019 | पृष्ठ ८ | मूल्य रु. १०।-


## क्रान्तिकारी माओवादी निकट इन्जिनियरहरूले राष्ट्रिय भेला गर्ने

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)को केन्द्रीय इन्जिनियरिङ्ग विभागको बैठकले इन्जिनियरहरूको भेला गरी इञ्जिनियरिङ्ग संगठन निर्माण गर्ने निर्णय गरेको छ । विभिन्न क्षेत्रमा क्रियाशील इन्जिनियरहरूको पार्टी कार्यालय बुद्धनगरमा आइतबार बसेको बैठकले यस्तो निर्णय गरेको हो ।

बैठकले फागुन १८ मा राष्ट्रिय भेला गर्ने निर्णय गरेको छ । बैठकमा क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य क.गौरवको प्रमुख उपस्थिति रहेको थियो ।

बैठकको अध्यक्षता तथा सञ्चालन विभागका संयोजक क.प्रभाकिरणले गरेका थिए । बैठकमा नेपालमा भइरहेको विकास निर्माणका सम्बन्धमा रहेका विकृति, विसंगतिलाई अध्ययन गरी भण्डाफोर गर्ने निर्णय गरेको छ ।

# 'सिंगो राज्यसत्ताकै विकल्पको तयारी गरौं'



● वर्गदृष्टि संवाददाता

काठमाडौं । देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका अध्यक्ष सीपी गजुरेलले ओली सरकारको विकल्प सत्ताधारी दलका अरु कुनै नभएर अब सिंगो राज्यसत्ताकै विकल्पको खोजी भइरहेको बताएका छन् । गत सोमबार राष्ट्रिय प्रज्ञा प्रतिष्ठान कमलादीमा सम्पन्न अन्तरक्रिया कार्यक्रममा 'अग्रगामी विकल्पको तयारी गरौं' भन्ने शीर्षकमा एक कार्यपत्र प्रस्तुत गर्दै गजुरेलले उक्त कुरा बताएका हुन् । देशमा दुईतिहाइ बहुमत प्राप्त ओली सरकार एकवर्ष पनि नपुग्दै निकै बदनाम भएको र यसको विकल्प देश र जनताले खोजिरहेको वर्तमान सन्दर्भमा गजुरेलले राज्यसत्ता नै परिवर्तनको कुरा उठाएका हुन् । उनले ओली सरकारका धेरै कमी र कमजोरीहरू त छन्, तर त्यो उनको व्यक्तिगत कमी कमजोरी भन्दा पनि बढी त संसदीय राज्यसत्ताकै कमीकमजोरी भएकोमा उनले जोड दिएका छन् । ओलीका ठाउँमा माधव नेपाल वा अरु कुनै व्यक्तिलाई लिएर राखेमा कमीकमजोरी २० को १९ त होला, तर अहिले देखिएका समस्याहरू व्यवस्थाद्वारा सिर्जित भएकाले यो सिंगो व्यवस्था नै परिवर्तन गर्न विकल्पको तयारी गर्नुपर्ने कुरामा लाग्नु पर्ने बताए ।

उनका अनुसार वर्तमान ओलीको सरकार दलाल सरकार हो, यसले दलाल तथा नोकरशाही पुँजीवादी तथा साम्राज्यवादीहरूको सेवा गर्दछ, देश र जनताको होइन । त्यसैगरी वर्तमान शासन व्यवस्था दलाल संसदीय व्यवस्था हो । त्यसैले सरकारका साथै सिंगो शासन व्यवस्थाको विकल्प खोजिनु जरुरी भएको कुरामा गजुरेलको जोड थियो । यसको विकल्प संघर्षबाट खोजिनु जरुरी छ, त्यो भनेको जनआन्दोलनद्वारा खोजिनुपर्ने विकल्प हो । नयाँ व्यवस्था वा जनवादी गणतन्त्र स्थापनाको विकल्प हो । हाल नेपालमा राष्ट्रियता, जनतन्त्र र जनजीविका समस्याहरू विकराल बन्दै गएको प्रसंग कोट्याउँदै गजुरेलले देशको सिमाना बहुमतको ओली सरकारले यसरी बेचेर खाने हो अबका ५ वर्ष कुर्दा यो देश कहाँ खोज्न जाने भन्दै ओली ...बाँकी ५ पेजमा

## क्रान्तिकारी माओवादीद्वारा भूमाफियाको जग्गा कब्जा

## सुकुम्बासीहरूलाई वितरण गर्ने तयारी



सिन्धुली । सिन्धुली जिल्लाको दुधौली नपा वडा नं. ७ को सिमराही टोलमा पर्ने करिब पच्चीस विगाह जमिन क्रान्तिकारी माओवादीले कब्जा गरेको छ। उदयपुर जिल्ला कटारी नपा-३ मा स्थायी घर भई हाल युकेमा बस्ने रत्नबहादुर तामाङले विगत लामो समयदेखि आफ्नो नाममा दर्ता गर्न खोजेको ऐलानी जग्गा कब्जा गरेको क्रान्तिकारी माओवादी सिन्धुलीका सेक्रेटरी नविनले जानकारी दिएका छन् ।

स्थानीय जनताको समेत सहभागितामा सेक्रेटरी नविनको नेतृत्वमा गएको क्रान्तिकारी माओवादीको टोलीले बुधबार उक्त जग्गामा पार्टीको झण्डा गाडी कब्जा गरिएको र हाते पर्चा छरिएका जनाइएको छ । सेक्रेटरी नविनका अनुसार उक्त जग्गा सुकुम्बासीहरूलाई वितरणको तयारी गरिएको छ ।

चतरा-हेटौडा लोकमार्गले छोएको उक्त जग्गा आफ्नो नाममा दर्ता गराउन तामाङले जग्गा दलाल, कमिसनखोरहरूलाई लगाउँदै आएको र करिब १५ विघा जमिन दर्ता समेत गरेको पाइएकोले उक्त जग्गा कब्जा गरिएको सेक्रेटरी नविनले बताए । उक्त जग्गामा जनयुद्धअघि देखि नै सुकुम्बासीहरू बस्दै आएको र पछि तामाङले प्रशासन लगाएर सुकुम्बासीहरूलाई हटाई आफ्नो नाममा दर्ता गराउन ठूलै आर्थिक चलखेल गरेको समेत सेक्रेटरी नविनले बताए ।

## क्रान्तिकारी पत्रकार महासंघले बुझायो मुख्यमन्त्रीलाई ज्ञापन पत्र

मकवानपुर । क्रान्तिकारी पत्रकार महासंघले आज प्रदेश नम्बर तीनका मुख्यमन्त्री डोरमणि पौंडेललाई ज्ञापन पत्र बुझाएको छ । महासंघले पत्रकारको हक, हित र अधिकारलगायतका विषयलाई समेटेर १३ बुदें ज्ञापन पत्र मुख्यमन्त्रीकै कार्यकक्ष मकवानपुरको हेटौडामा बुझाएको हो ।

ज्ञापन पत्र बुझाउन क्रान्तिकारी पत्रकार महासंघका केन्द्रीय कार्यालय सदस्य लोकराज जैसी, प्रदेश संयोजक रनसुर महतरा, केन्द्रीय सदस्य सागर श्रेष्ठ, सागर, अमित योञ्जन लगायतको टोली मुख्यमन्त्रीको कार्यकक्षमा पुगेको थियो ।

क्रान्तिकारी पत्रकार महासंघको ज्ञापनपत्र बुझ्दै मुख्यमन्त्री पौडेंलले मागका विषयमा आफू सकारात्मक ...बाँकी ८ पेजमा

## क्रान्तिकारी पत्रकार महासंघले फागुन २९ र ३० गते राष्ट्रिय सम्मेलन गर्ने



काठमाडौं । क्रान्तिकारी पत्रकार महासंघले फागुन २९ र ३० गते राष्ट्रिय सम्मेलन गर्ने भएको छ । महासंघको माघ ४ र ५ मा काठमाडौंको बुद्धनगरमा बसेको केन्द्रीय समितिको बैठकले राष्ट्रिय सम्मेलन ५ नं. प्रदेशको बुटवलमा गर्ने निर्णय गरेको छ । ...बाँकी ५ पेजमा

## देजमोले देशैभर सुरु गऱ्यो भित्ते लेखन, सुर्खेतमा प्रहरीद्वारा धरपकड



काठमाडौं । चैत्र २४ मा गरिने राष्ट्रिय सम्मेलनलाई लक्षित गर्दै देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले देशैभर भित्ते लेखन सुरु गरेको छ । सबै प्रदेश र जिल्लाहरूमा भित्ते लेखन सुरु गरिएको मोर्चाको केन्द्रीय कार्यालयले जनाएको छ । सुर्खेतमा आइतबार भित्ते लेखनको क्रममा प्रहरीले हस्तक्षेप गरी क्रान्तिकारी माओवादीका कर्णाली प्रदेश सदस्य समेत रहेका इन्द्रप्रसाद गौतम र डिल्ली कठायतलाई पक्राउ गरेको छ । सुर्खेत प्रकरणले राज्य क्रान्तिकारी माओवादी र देजमोप्रति निरंकुश बन्दै गएको र शान्तिपूर्ण र संविधान प्रदत्त अधिकार अनुसारका कार्यक्रममाथि पनि प्रतिबन्ध लगाउने गरी आउन खोजेको देखिन्छ। मोर्चाले राज्यको यस्तो दमनकारी नीतिको कडा प्रतिरोध गर्ने चेतावनी दिँदै आएको छ ।

मोर्चाले काठमाडौं, ललितपुर, सुर्खेत लगायतका जिल्लाहरूमा भित्ते लेखनलाई प्रभावकारी रूपमा अगाडि बढाइएको छ ।

## डबल नेकपा छाड्दै क्रान्तिकारी माओवादीमा समाहित हुँदै



सुर्खेत । नेकपा (क्रान्तिकारी माओवादी) सुर्खेतमा अहिले ध्रुवीकरणको लहर चलेको छ । पछिल्ला तीन दिनमा लगातार सत्तारुढ डबल नेकपा परित्याग गरी नेता कार्यकर्ताहरू क्रान्तिकारी माओवादीमा समाहित भइरहेका छन् । प्राप्त जानकारी अनुसार बिहीबार मात्र डबल नेकपा परित्याग गरी जिल्ला नेताहरू डम्बर रोकाया र निराजन जैसी क्रान्तिकारी माओवादीमा समाहित भएका थिए ।

प॰ । ८ त ...बाँकी ८ पेजमा

## 'बिग मिडिया प्रायोजित छन्'



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य समेत रहेका देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय अध्यक्ष सीपी गजुरेलले नेपालका मूलधारका भनिने मिडियाहरू प्रायोजित रहेको टिप्पणी गरेका छन् । क्रान्तिकारी माओवादी निकट पत्रकार संगठन क्रान्तिकारी पत्रकार महासंघको ३ नं. प्रदेशको भेलालाई बुधबार सम्बोधन गर्दै अध्यक्ष गजुरेलले यस्तो टिप्पणी गरेका हुन् ।

आफूलाई बिग मिडिया भनी दावी गर्ने छापा, इलेक्ट्रोनिक तथा अनलाइन मिडियाहरूले दलाल पुँजीपति वर्ग, बहुराष्ट्रिय कम्पनी तथा कर्पोरेट हाउसहरूको विचार र समाचारहरू प्रायोजित रूपमा प्रकाशन तथा प्रशारण गर्ने गरेको भन्दै अध्यक्ष गजुरेलले वैकल्पिक शक्तिको रूपमा स्थापित हुँदै गएको क्रान्तिकारी माओवादी, देजमो तथा सम्बद्ध जबस मोर्चाले गरेका संगठन र संघर्ष लगायतका कार्यक्रमहरूका समाचारहरूलाई ब्ल्याक आउट गर्ने गरेको दावी गर्दै भने, ' बिग मिडियाहरूले अहिले क्रान्तिकारी माओवादी भन्ने यो देशमा राजनीतिक शक्ति नै छैन भन्ने बनाउन धेरै कोशिस गरिरहेका छन् । हाम्रा संगठन र संघर्षका कार्यक्रमहरू भइरहेका छन् । उनीहरूलाई राम्रैसँग थाहा छ । बिट हेर्ने पत्रकारहरूले समाचार पनि लैजान्छन् तर मिडिया मालिक र सम्पादकहरूले हाम्रा समाचारहरू जानीबुझीकन छाप्दैनन् । तर दलाल पुँजीपति वर्गका विचार र समाचार भने ...बाँकी ७ पेजमा

# युगले सुम्पेको क्रान्तिकारी राष्ट्रिय अभिभारा सम्बन्धमा

*क्रान्तिकारी पार्टीका जिम्मेवार कमरेडहरूले त्रुझ्नुपर्ने कुरो आफ्ना कमी कमजोरी र गल्तीहरू प्रतिको व्यवहार नै उसको गम्भीरता र उनले आफ्नो वर्ग र श्रमजीवी जनसमुदायप्रति आफ्नो जिम्मेवारी कार्यरूपमा पूरा गरे नगरेको देखाउने सबैभन्दा महत्वपूर्ण सबैभन्दा विश्वसनीय कसौटी हो*



● पुष्पगोपाल श्रेष्ठ ●

नेपालको कम्युनिष्ट आन्दोलनमा माओवादी पार्टीले साहस र दृढताका साथ नेपालको क्रान्तिकारी जनयुद्धको नेतृत्व गरेर दस वर्षको समयसम्म सम्पूर्ण राष्टर्ला के कुरा देखाएको थियो भने यो पार्टी जनताको मित्र हो, र जनताको हितहरूको रक्षाको लागि र जनताको स्वतन्त्रता तथा मुक्तिका लागि सधैंभरि क्रान्तिकारी युद्धको अघिल्लो मोर्चामा डटेर लड्दछ। यसप्रकारको जनविश्वासलाई ती वर्गीय आत्मसमर्पणवादी प्रचण्ड गेटद्वारा खलबल्याउने काम गरी देश र जनतालाई धोखा दिएका थिए । तर वर्तमानमा आएर नेपालको राजनीतिक वस्तुस्थितिमा ढिलै भए पनि मन्द गतिमा आएको राजनीतिक फेरबदलले नेककपा (क्रान्तिकारी माओवादी) नै क्रान्तिकारी पार्टीको एकमात्र उत्तराधिकारीको रूपमा विकसित हुँदै आएको परिप्रेक्ष्यमा, हाम्रो पार्टीका केही कमरेडहरू वर्तमान परिस्थितको सही रूपमा कसरी विश्लेषण गर्ने र साथै कस्तो खालको पाइला चाल्ने भन्ने सवालको टुंगो कुन ढंगबाट लगाउने भन्ने कुरालाई अझ पनि बुझ्दैनन् । क्रान्तिकारी उत्थान अनिवार्य छ भन्ने कुरामा त उनीहरू विश्पास गर्छन्, तर यो चाँडो आउने छ भन्ने कुरामा उनीहरू विश्वास गर्दैनन् ।

खास अर्थमा भन्नुपर्दा क्रान्तिकारी पार्टीका जिम्मेवार कमरेडहरूले त्रुझ्नुपर्ने कुरो आफ्ना कमी कमजोरी र गल्तीहरू प्रतिको व्यवहार नै उसको गम्भीरता र उनले आफ्नो वर्ग र श्रमजीवी जनसमुदायप्रति आफ्नो जिम्मेवारी कार्यरूपमा पूरा गरे नगरेको देखाउने सबैभन्दा महत्वपूर्ण सबैभन्दा विश्वसनीय कसौटी हो । खुल्ला रूपमा भूल स्वीकार गर्नु, यसका कारणहरू पत्ता लगाउनु, कुन परिस्थितिमा यी गल्तीहरू भए त्यसको विश्लेषण गर्नु र गल्तीहरूलाई सुधार्ने उपायहरू माथि ध्यानपूर्वक विचार गर्नु, यो एक क्रान्तिकारी पार्टीको लक्षण हो, यही आफ्नो वर्गलाई ...बाँकी ७ पेजमा

## सम्पादकीय

# सन्तुलनको परराष्ट्र नीतिमा स्खलन

नेपालमा आइपरेको अहिलेको सबैभन्दा ठूलो चुनौती भनेको परराष्ट्र सम्बन्धकै हो । नेपालले हालसम्म अपनाउँदै आएको परराष्ट्र नीति त्यही रूपमा कायम नभएको राजनीतिक विश्लेषक तथा कुटनीतिज्ञहरूले गम्भीरताका साथ औंल्याइरहेका छन् । नेपालका लागि अन्तर्राष्ट्रिय कुटनीतिक मामला भनेको यसको भौतिक जीवन पनि हो । उत्तरतिर चीन र दक्षिणमा भारत जस्ता बिसाल देशहरूका बीचमा रहेको नेपाल यी दुवैको स्वार्थ र टकरावका कारण एक अग्निरेखाका रूपमा रहने गरेको छ । यसको जीवन खुकुरीको धारमा बाँचे सरह हुने गरेको छ । यसको पछाडिको कारण चीन एक ध्रुवमा रहनु र भारत अर्को ध्रुवमा रहनु हो । शक्ति राष्ट्रहरूका बीचमा चलिरहने ध्रुवीकरणको प्रक्रियाले नेपाललाई असंलग्न परराष्ट्रनीति सबैभन्दा उत्तम भएको सिद्ध गरेको हो । यही नीति र यसको चातुर्यतापूर्वक प्रयोगका कारणले नै नेपाल हालसम्म अस्तित्वमा पनि रहँदै आएको हो र विश्व मानव समाजमा यसले एक स्वतन्त्र र सार्वभौम पहिचान पनि बनाएको हो । असंलग्न परराष्ट्र नीति पञ्चायत कालमा आएर मूर्त रूपमा परिभाषित भएको र देखिने गरी कार्यान्वयनमा रहेको हो । पञ्चायतको ३० वर्षसम्मको सापेक्ष सत्ता स्थिरता र यसले गरेको प्रचार तथा कार्यान्वयनका कारणले असंलग्न परराष्ट्र नीति पञ्चायत र पञ्चहरूल विकास गरेको र त्यसमा पञ्चायतको गन्ध आउने तर्कहरू पनि धेरै कुटनीतिज्ञहरूको रहेको छ । तर कुरा त्यति मात्र होइन, नेपाल देश अस्तित्वमा आएदेखि नै असंलग्न परराष्ट्र नीतिको मूर्त वा अमूर्तरूपमा छलफल, अवलम्वन र कार्यान्वयन हुँदै आएको हो । यो नेपालका लागि हालसम्मको सबैभन्दा बढी उपयोगी र फाइदाजनक परराष्ट नीति सिद्ध हुँदै आएको पनि हो ।

तर हाल आएर यो असंलग्न परराष्ट्र नीतिमा घोषित वा अघोषित रूपमा विचलन आएको छ । यो बिचलन सरकारका क्रियाकलाप र सत्ताधारी दलका गतिविधिका कारण आएको हो । वर्तमान ओली सरकार र यसको सत्ताधारी दल नेकपाले न त घोषित रूपमा अर्को नयाँ वा परिमार्जित वा निर्मित वैदेशिक कुटनीति बहसमा ल्याएको वा प्रयोगका लागि तयार पारेको छ, न त यसले असंलग्न परराष्ट्र नीति नै अबलम्बन गरेको छ । यसको दलाल र बहुरूपी चरित्र तथा विचारविहिनताले सिंगो नेपाललाई उल्झनमा पारेको छ । ओली सरकार तथा सत्ताधारी दल नेकपाको परराष्ट्रसम्बन्धी सोच, नीति तथा व्यवहारबाट उत्तरको छिमेकी देश चीन त सशंकित छ नै, दक्षिणको छिमेकी देश भारत पनि उत्तिकै उत्तेजित र सशंकित हुन पुगेको छ । नेपालका वर्तमान सत्ताधारीहरू यो गम्भीर कुरालाई कुनै पनि गम्भीरताका साथ लिएका छैनन् । उनीहरू एउटा कार्यक्रममा क्रिश्चियन बनिदिन्छन्, 'होली वाइन' ले सेचन गर्छन् र 'व्याप्टिज्म' नुहाएर धर्म परिवर्तन गरिदिन्छन् । त्यसैका लागि सिंहदरवारको प्रधानमन्त्री कार्यालय पनि होटल सोल्टीमा सारेर हप्तौंसम्म बस्छन् । अनि अर्को हेडक्वाटर बनाएर सत्ता चलाउँछन् । यो सर्सर्ती हेर्दा त केही पनि होइन, तर अन्तर्यमा नेपालको सार्वभौम मर्ममाथि 'डमी'का रूपमा प्रयोग गरिएको 'ट्रेलर' नै हो ।

नेपालको आफ्नो स्वार्थ, स्वाभिमान र हैसियत छ । तथापि अहिले त्यसमाथि चुनौती आइपरेको छ । यो चुनौती वर्तमान राजनीतिक दलाल तथा बिचौलियाहरू सत्तामा हाबी भएका कारणले आएको हो । सत्तासिन दलालहरू आफैमा बहुरूपी र बहुरंगी छन् । यिनीहरू एउटा कार्यक्रममा हिन्दुको सुनपानी छर्कन्छन् भने अर्को कार्यक्रममा गएर क्रिश्चियनको होली वाइनले पूरै शरीर शेचन गर्छन् । एउटा कार्यक्रममा चीन विरोधी भएर प्रस्तुत हुन्छन् भने अर्को कार्यक्रममा भारत विरोधी भएर देखा पर्दछन् । यिनका बहुरूपी दलाल सोचका कारणले नेपालको अन्तर्राष्ट्रिय कुटनीतिक सम्बन्धमा नेपालकै इतिहासमा सबैभन्दा स्खलन आएको छ । यसले नेपालको सार्वभौमसत्ता, राष्ट्रिय अखण्डता, स्वाभिमान, पहिचान र विश्वास र सहकार्यमा निकै नै आशंकाहरू उत्पन्न गराएको छ । नेपाली जनता यसबारेमा जनस्तरमा नै सचेत बन्न जरुरी छ ।


## लेखकहरूमा अनुरोध

१. **यस वर्गदृष्टि साप्ताहिक तथा मूलबाटो डटकमका लागि लेख/रचना पठाउँदा एक हजार शब्दमा नबढाइकन आफ्नो लेख/रचना पठाइदिनु हुन,**
२. **कम्प्युटर टाइप गरी पठाउँदा शुक्रबारसम्म र हस्तलिखित पठाउँदा बुधबारसम्म पत्रिकाको कार्यालयमा वा इमेलमा पठाइदिनु हुन,**
३. **सकेसम्म छोटा र सरल वाक्य प्रयोग गरिदिनु हुन हार्दिक अनुरोध छ।**

**सम्पादन विभाग, वर्गदृष्टि मिडिया**

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैं हेर्नें र पढ्ने गरौं।
www.moolbato.com

# मार्क्सवादी विचार निर्माणमा मार्क्स–एंगेल्स



हस्तबहादुर के.सी.

**मार्क्सवाद–लेनिनवादको स्थापना कम्युनिष्ट क्रान्तिकारीहरूद्वारा सबैखाले प्रतिक्रियावाद, संशोधनवाद र अवसरवाद विरूद्धको भीषण वर्गसंघर्ष र वैचारिक संघर्षका क्रममा भएको हो, त्यसरी नै आज माओवादको स्थापना पनि नियम संघर्षका बीचबाट भइरहेको छ, तर जग चाहिँ मार्क्सवाद नै हो । अतः यस लेखकमा मार्क्सवादको प्रतिपादन, विकास र रक्षाको सवालमा जुन कार्ल मार्क्सको अत्यन्तै महत्वपूर्ण एवम् अतुलनीय योगदान रह्यो**

कार्ल मार्क्स मार्क्सवादका प्रवर्तक हुनुहुन्छ। कार्ल मार्क्स वैज्ञानिक साम्यवादका सिद्धान्तकार हुनुहुन्छ । आफ्ना अनन्य मित्र तथा सहयोगी फ्रेडरिक एंगेल्सको सहयोगमा मार्क्सवादको प्रतिपादन गर्नु भयो । मार्क्स-एंगेल्सद्धारा लिखित कम्युनिष्ट घोषणापत्र सन् १८४८ फेब्रुअरी १२ तारिखका दिन घोषणा गरेपश्चात् मार्क्सवादको प्रतिपादन हुन पुग्यो । मार्क्सवाद एक वैज्ञानिक सिद्धान्त हो । मार्क्सवाद एउटा गतिशील सिद्धान्त हो र मार्क्सवाद सर्वहारावर्गको मुक्तिको सैद्धान्तिक पथप्रदर्शक सिद्धान्त हो, मार्गदर्शक सिद्धान्त हो ।

आज मार्क्सवादले पहिलो चरणमा मार्क्सवादको चरणको विकास गरेको छ । मार्क्सवादको गुणात्मक विकासको दोस्रो चरणमा लेनिनवादको विकास भएको छ । मार्क्सवाद-लेनिनवादको गुणात्मक विकासको तेस्रो र नयाँ चरणमा माओवादको विकास भएको छ । र, निरन्तर सृजनात्मक विकासको गतिमा अगाडि बढिरहेको छ । यसरी आज अन्तर्राष्ट्रिय सर्वहारावर्गको हातमा एउटा सार्वभौम सिद्धान्तको सिंगो अमेद्य इकाइका रूपमा मार्क्सवाद-लेनिनवाद-माओवाद रहेको छ । माओवादलाई आजको विश्वको मार्क्सवाद-लेनिनवादका रूपमा ग्रहण नगरी कोही पनि सच्चा कम्युनिष्ट बन्न सक्तैन । यहाँनेर ध्यान दिन अति जरूरी छ कि आजको विश्वको मार्क्सवाद-लेनिनवाद भएकाले नै संसारभरका प्रतिक्रियाहरू तथा संशोधनवादीहरूले माओवाद एवम् माओवादीहरूमाथि प्रतिक्रियावादीहरू तथा संशोधनवादीहरूले माओवाद एवम् माओवादीहरूमाथि सैद्धान्तिक रूपमा भ्रम सिर्जना गर्ने र भौतिक रूपमा भीषण हमला गरिरहेका छन् ।

यहाँनेर अर्को ध्यान दिनै पर्ने जरूरीको कुरा के छ भने मार्क्सवाद-लेनिनवादको स्थापना कम्युनिष्ट क्रान्तिकारीहरूद्वारा सबैखाले प्रतिक्रियावाद, संशोधनवाद र अवसरवाद विरूद्धको भीषण वर्गसंघर्ष र वैचारिक संघर्षका क्रममा भएको हो, त्यसरी नै आज माओवादको स्थापना पनि नियम संघर्षका बीचबाट भइरहेको छ, तर जग चाहिँ मार्क्सवाद नै हो ।



अतः यस लेखकमा मार्क्सवादको प्रतिपादन, विकास र रक्षाको सवालमा जुन कार्ल मार्क्सको अत्यन्तै महत्वपूर्ण एवम् अतुलनीय योगदान रह्यो । यिनै विषयहरूमा केन्द्रित रहेर लेख्ने प्रयत्न गरिएको छ ।

कार्ल मार्क्सको जन्म सन् १८१८ मई ५ तारिखका दिन जर्मनीको प्रसिया अन्तरगत ट्रियर शहरको एक वकिल परिवारमा भएको थियो । उहाँका बुबा हेनरिख मार्क्स र आमा हेनरियेंट्टा मार्क्स (हल्याण्ड) हुनुहुन्थ्यो । उहाँको परिवारमा चार दाजुभाइ र पाँच दिदीबहिनी हुनुहुन्थ्यो । मार्क्स माइला छोरा हुनुहुन्थ्यो । मार्क्सको विवाह सन् १८४३ जुन १९ तारिखका दिन जर्मनीको सानो शहर क्रेश्चनारवमा जेनी बेष्टफालेनसँग भएको थियो । मार्क्सका सन्तानहरूमा चार छोरी (जेनी, लाउरा, फ्रान्चिस्का, एलेओनोरा र दुई छोरा (एडगार र गिदो) थिए ।

सन् १८८३ मार्च १४ तारिखका दिन कार्ल मार्क्सको मृत्यु भएको थियो । सन् ...बाँकी ७ पेजमा

## झर्रोटर्रो

kailubraha73@gmail.com
कैलुब्राह

# सरकारको वाइड निर्नय

भरखरै केही दिन अगाडि नेपाल मण्डलको उखाने सरखारले नेपाल मण्डलका लागि दूरगामी महत्व राख्ने ठूलठूला वाइड निर्नय गरेको समाचार छ। यो निर्नयले अब भने साँच्चै केही हुने पक्कापक्की छ । सरकारको यत्रो निर्नयले पर्तिपक्ष र सरकार विरोधीहरू फेन्टै भएर मुर्छा परेका छन् । अब उनीहर्ले यो उखाने सरखार र त्यसका परम मुखिया मिस्टर उखानप्रसादलाई हावादारी, फन्टुस, वाह्यात, बेकुफ, उल्लू कुरा गर्‍यो, आदि इत्यादि भनेर उडाउँदै ब्यङ्ग्य गर्ने, गाली गर्ने, आलोचना केकेजाति गर्ने सबै काम खत्तम भएको छ । सरखारले गरेको यत्रो खुसियाली खुसखबर रैती मनुखेलाई सुनाउनु सरखारको कर्तव्य ठानेर उखाने सरखारका पर्वक्ता समेत रहेका कट्वाले मन्तरी गाईहरूका कूलले पत्रकारहर्लाई आफ्नै गोठमा बोलाएर सार्वजनिक गरे । सो अवसरमा यो कैलु पनि टुप्लुक्क घुसेर त्यहाँ पुगेको थ्यो । यो कैलुले कट्वाले मन्तरीलाई प्रश्न सोध्न थालेपछि त अरू पत्रकारहरू अलपत्र भएर ट्वाल्ल परेर बसे । प्रस्तुत छ हाम्रो झर्रोटर्रोका विशेष पर्तिनिधि पत्रकार कैलु र कट्वाले मन्तरीका बीचमा भएको खरो बहसका कुराकन्थरा ।

**कैलु** : कट्वाले मन्तरीज्यू ! सरखारले त रेल किन्ने भएछ नि कहाँ चलाउने हो ? लिगै नबनाउँदै रेल किन्ने योजना किन बनाएको ?

**मन्तरी** : हाम्रा पर्धानमन्तरीले देशमा रेल ल्याउने पानीजाँज चलाउने पो भन्नुभएको हो त रेलको लिग बिच्छाउने भनेर त कहीँ भनेको छैन नि । उहाँले जे बोल्नुहुन्च त्यो पूरा गर्नुहुन्च जे बोल्नुभा'छैन त्यो कुरा तपैंलाई किन चाहियो ? रेल किन्ने कुरा ठूलो कि लिग बनाउने ?

**कैलु** : रेलको लिग नबनाउँदै रेल किन्दा उल्टो भएन र ? कहाँ चलाउने त बाटै नभएपछि ?

**मन्तरी** : उल्टो कसरी भो ? उहाँ देशको पर्धानमन्तरी हो । सर्बसाधारण मनुखेको कुरा र देशको पर्धानमन्तरीको कुरा एउटै हुँदैनन नि । सर्बसाधारणको भन्दा फरक हुँदा तपाइँलाई उल्टो लाग्न सक्च । पर्धानमन्तरीको कुरा रैतीलाई उल्टो, रैतीको कुरा पर्धानमन्तरीलाई उल्टो । राजनीतिमा यस्तो हुन्च । सरखार बाहिर हुँदा गर्ने कुरा सरखारमा आएपछि हुँदैन । सरखारबाट बाहिर गएपछि सरखारी कुरो हुँदैन । यत्ती पनि था'छैन ?

**कैलु** : त्यसो भए रेल काहाँ चलाउने त ?

**मन्तरी** : भृकुटी मण्डपमा पनि त रेल गुडिरहेकै छ नि देख्नुभा'छैन ? रेल नल्याउँदा पर्धानमन्तरीले हावादारी कुरा गर्‍यो भन्ने अनि किन्ने निर्ने गर्दा किन किन्ने भन्ने ? जतिखेर पनि काइँकाइँ गर्ने ? ऐलेको सरखारले पैला रेल ल्याउँच आर्को चुनाउपछि लिग बनाउँच ।

**कैलु** : अनि पानी जाँजको अफिस खोल्ने भएछ नि, के पानी जाँज पनि किन्ने हो ? टिकेस काउण्टर पनि खुल्च ?

**मन्तरी** : हो, पानी जाँजको अफिस अब खुल्च । हाम्ले पानी जाँज पनि किन्चम् । सरखार अब विकास र समृद्धिमा दुर्त गतिले अघि बढ्च । टिकेस किन्न तयार भए हुन्च । हिउँदभरीमा अफिस सफिसको काम र जाँज किन्ने काम सकिन्च । बर्खा लाग्यो भने त काठमान्डुमै जलमग्न हुन्छ, यतै चलाम्ला नि पानीजाँज । त्यै भ'र बन्दरगा पनि चोभारमा खोल्ने निर्ने भएर पर्धानमन्तरीले अस्ति उद्घाटन पनि गरिसक्नु भो । पानीजाँज आउने जाने ठामलाई बन्दरगा भन्छन् नि । हौ त्यै बन्दरगा बनाउने कामको त थालनी नै भैसको । देख्नु भएन, सरखार कति दुर्त गतिमा कुद्‍या छ । समृद्धि ल्याउने कुरा चानचुने छ र ?

**कैलु** : चोभारका मनुखेलाई सरखारले किन पक्राउ गरेको ?

**मन्तरी** : त्याँ बन्दरगा बनाउँदा पानीजाँज आउँच, मालसामान ल्याउँच, अरू देशमा बन्दरगा समुन्द्रको किनारमा बनाउँचन् हाम्ले त राजधानीमै बनाएको कुरा किन विरोध गर्ने ? त्यै भ'र पक्राउ गर्नु परेको हो ।

**कैलु** : के अब पानीजाँजको टिकेस काट्ने काम छिटै सुरु हुन्च त ?

**मन्तरी** : हुन्च । बन्दरगा बन्ने काम सुरु भैसको । अब जाँज छिटै ल्याएर बागमती, त्रिसुली, उतापट्टी सुनकोसी भोटेकोसीराप्ती, भेरी कर्णली माहाकाली जताततै सबैतिर जाँज चलाउने सरखारको योजना छ । तपाइँ हेर्दै जानुस् सरखारले अब वाइड वाइड निर्ने गर्दै जान्च ।

**कैलु** : अक्कासमा उड्ने वाइडबडि जाँज किने जस्तो हो, रेल र पानीजाँज किन्ने कुरो ?

मन्तरी : यत्रो वाइड जनमत पाएर बनेको सरखारले वाइड निर्ने त गर्च नि । दुईतिहाईको मत भनेको धमिरोको टाउको जत्रो हो र ? हात्ती हो हात्ती । वाइड सरखार हो, बुझ्नुभो ? त्यसमा केको टाउको दुखाउनु परो ? वाइड सामान किन्दा वाइड कमिसन आउने कुरो राम्रै त हो । सामान किन्दा कमिसन आउने कुरो राम्रै त हो नि । बाहिर जाने पैसो फिर्ता लिँदा त स्यावासी पो दिन पर्च त । कमिसन नलिएर सबै पैसा उतै दिनु राम्रो हो त ?

**कैलु** : प्रसङ्ग बदलौं, डाक्टर केसीको कुरा सरखारले किन नसुनेको ? पटक पटक अनसन बस्न दिएर केसी मरे मरोस भन्न चाहेको हो सरखारले ?

**मन्तरी** : तिनलाई हाम्ले अनसन बस भन्या छम् र ? खुरुखुरु जागिर खाए हुन्न । सरखारले तिनको जागिर खाइद्‍या त छैन क्यारे । यत्रो समाजवाद ल्याउने सरखारलाई नीजि अस्पताल खोल्न रोक भनेर भन्ने ? सरखारले मात्रै अस्पताल खोलेर सरखारलाई हरिकङ्गाल बनाउने हो र ? स्कूल क्याम्पस सरखारले खोल्ने, अस्पताल सरखारले खोल्ने, उद्योग कारखाना सरखारले खोल्ने भएपछि हाम्रा दातामाताहरू रिसाउँदैनन् ? सरखार ब्यापारी हो र ? सबै आफैं गर्ने ? रैतीले खोले भने सबैले कामउनी मौका पाउँचन् । फेरी डाक्टर केसी आजिवन बाँच्ने पनि त हैनन् । मर्ने बाँच्ने कुरो त उनी आफैं डाक्टर भएको हुनाले उनैलाई था'होला ।

*४ माघ २०७५*

# अग्रगामी विकल्पको तयारी गरौं : सीपी गजुरेल




नेपाली जनताले आफ्नो समाजको आमूल परिवर्तनका लागि पटक-पटक ठूला र वलिदानपूर्ण संघर्षहरू गर्दै आएका छन् । तर दुर्भाग्यको कुरा ती संघर्ष र क्रान्ति जहिले पनि सफलताको सन्निकट पुगेका बेला सम्झौताका नाममा प्रायः आत्मसमर्पणमा टुंगिने गरेका छन् । जनताको त्यो आमूल परिवर्तनको सपना र चाहना सँधै अधुरो नै रहँदै आएको छ । पछिल्लो चरणमा दश वर्षको जनयुद्ध र ऐतिहासिक दोस्रो जनआन्दोलन पश्चात् पनि लगभग त्यही पुरानै इतिहासको शृंखला दोहोरिन पुगेको छ ।

सबै पक्षले सहभागिता जनाएको पहिलो संविधानसभाको विघटन गरी कथित दोस्रो संविधानसभाको चुनावको नौटंकी पश्चात् "फाष्ट ट्र्याक" को तरिका अपनाएर जुन संविधानको घोषणा गरिएको छ, त्यसले क्रान्ति र आन्दोलनमा सहभागी जनताका वास्तविक मागलाई संबोधन गर्न सकेन । जनतालाई फेरि पनि धोका भयो । यस दौरानमा क्रान्तिकारी आन्दोलनका भूतपूर्व नेता र सहभागीहरूले प्रतिक्रान्तिकारी बाटो समाते । तिनीहरूले नै आज प्रचार गरिरहेका छन् कि जनताका सबै मागहरू पुरा भैसके, खोजेको परिवर्तन आइसक्यो । "समृद्ध नेपाल र सुखी नेपाली" भनेर जति सुकै डंका पिटिए पनि जनता र राष्ट्रको वास्तविक जीवनमा सकारात्मक परिवर्तन देख्न सकिएको छैन । नेपाली समाज झन् विकराल अवस्था तिर धकेलिँदै छ । गणतन्त्रका लागि संघर्ष भैरहेको बेला त्यसको विरोध गर्नेहरूले र क्रान्तिलाई धोका दिनेहरूले यो "गणतन्त्र"को नेतृत्व र संचालन गरिरहेका छन् । यथार्थ र महत्वपूर्ण पक्ष त के हो भने यो जनताको गणतन्त्र नै होइन । यो त दलाल र नोकरशाही पुँजीपतिहरूको गणतन्त्र हो । जनताको गणतन्त्र त जनगणतन्त्र हो, जुन प्राप्त भएकै छैन । यसका साथै, संघीयता आइसकेको हल्ला त गरियो, तर वास्तविक अर्थमा जनताले चाहेको संघीयता पनि प्राप्त भएको छैन ।









निर्वाचनको जात्रा र तमासाको बेलामा ने.क.पा.( एमाले) ले दिएको "समृद्ध नेपाल र सुखी नेपाली"को गुलियो नाराले नेपाली मतदातालाई निकै लोभ्यायो र मजासँग झुक्यायो पनि । मतदाताहरूलाई थाङ्नामा सुताउने काम गऱ्यो । लामो समयदेखि एउटा पार्टीको बहुमतको सरकार बन्न नसकिरहेको र त्यसबाट पैदा भएको कथित अस्थिरताबाट शासक वर्ग चिन्तित भैरहेको बेलामा एउटै पार्टीको बहुमत र समग्रमा दुईतिहाई बहुमतको सरकार बन्यो । प्रतिकृयावादीहरू त्यसैमा दंग परे । यसैलाई ठूलो सफलताका रूपमा महिमा मण्डन गरियो । यसलाई "लोकतन्त्रमा स्थायित्व आएको", "लोकतन्त्र सुदृढ भएको", "अस्थिरताको अन्त भएको" आदि इत्यादिको प्रचारवाजी कानकै किरा खाने किसिमबाट गरियो । निर्वाचनमा नराम्रोसँग पराजित प्रतिपक्षी पार्टीका नेताहरू पनि त्यही समूहगानमा सामेल भएर पराजयको पीडा लुकाउने प्रयास गर्न थाले ।

सत्ताधारी पार्टीका नेताहरूले यसलाई "कम्युनिस्टहरूको ऐतिहासिक विजय"को संज्ञा दिँदै "अब समाजवादको यात्रा अघि बढेको" भन्ने डंका बजाइबाट क्षणिक रूपमा नै भए पनि जनतामा एउटा ठूलो भ्रमको सिर्जना गर्न सफल भए । तर, परिस्थिति त्यही ठाउँमा छैन । यहाँसम्म आइपुग्दा जनताको सचेत तप्काले ठगिएको महशुस गर्न थालेको छ । यो फगत एउटा ढोंग रहेछ भन्ने तथ्य बुझ्दै गएको अवस्था छ । यस प्रकारका अभिव्यक्ति संचार माध्यम र सामाजिक संजालमा पर्याप्त मात्रामा पढ्न पाइन्छ । समाजमा असन्तुष्टि सर्बत्र देखा परिरहेका छन् । सत्ता संचालन गरिरहेको पार्टी र सरकार रक्षात्मक अवस्थामा धकेलिएको छ । उनीहरू भित्रका अन्तर्विरोधहरू छताछुल्ल भएर पोखिएका छन् ।

सरकार बनेको लगत्तै पछि २०७४ साल फागुन २५ गते देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको उच्चस्तरीय प्रतिनिधि मण्डलले बालुवाटारमा प्रधानमन्त्री के.पी. ओलीलाई राष्ट्रियता, जनतन्त्र र जनजीविकासँग सम्वन्धित ९४ बुँदे ज्ञापनपत्र बुझाएको थियो । ज्ञापनपत्र बुझ्दै प्र.म. ओलीले यी सबै माग जायज भएका हुनाले पूरा गरिछाड्ने प्रतिवद्धता पनि जाहेर गरेका थिए । उनले यी मागहरूलाई लिएर फेरि कहिल्यै बालुवाटार आउनु नपर्ने विश्वास दिलाउन खोजेका थिए । तर विडम्बना, सरकार त झन् ती सबै राष्ट्र र जनताको पक्षका मागहरूविपरीत अघि बढ्न थाल्यो र त्यही दिशामा अहिले अघि बढिरहेकै छ- मत्ताहात्ती जस्तो भएर । देशको स्थिति झन् बिकराल बन्दै गएको छ । जनताको सचेत हिस्साले यो तथ्यलाई बुझ्दै पनि गएको छ ।

यो सरकारले कामको थालनी नै जनताका उपभोग्य बस्तुमा महँगी बढाउने कामबाट गऱ्यो । सरकारमा भएका प्रमुख मानिसहरूकै मतियारीका कारण महँगी बेलगाम अघि बढिरहेको छ । राज्यका तीनैवटा निकायहरूकर वृद्धि गरेर नव निर्वाचित "जन प्रतिनिधि"को सेवा, सुविधा मनग्गे बढाउने प्रतिस्पर्धामा अभियानका रूपमा अघि बढेका छन् । एउटा कुखुराको फुल र चल्लो, बाख्राका पाठा, देशको ढुंगा, माटो केहीले पनि करको दायराबाट बच्न पाएनन् । चुरे पहाड र यसभन्दा तलबाट भारत ओसारिएको बालुवा र ढुंगाका कारण र जंगल विनाशका कारण हाम्रो अन्न भण्डार तराई चाँडै नै मरुभूमिमा परिणत हुँदै छ । दिनदहाडै बालिका निर्मला पन्तको बलात्कार र हत्या भयो । उनको शब र त्यतिखेर उनले लगाएका कपडा प्रहरीले नै धोएर प्रमाण नष्ट गरेका दृश्य टेलिभिजनमा देखियो । असली बलात्कारी बचाउन निर्दोष मानिसलाई अपराध कबोल गर्न लगाउने जस्तो अर्को अपराध प्रहरीहरूबाटै भयो । आजका मिति सम्म पनि बलात्कारी र हत्यारा पत्ता लागेको छैन । तस्करीको साढे ३३ किलो सुनआज सम्म गायबै छ । उक्त सुन भारतमा पक्राउ परेको र भारत सरकारले नेपाललाई फिर्ता नगर्ने बयान जारी भएका खबर आइरहेका छन् ।

शिक्षा र स्वास्थको सञ्चालन राज्यले नै गर्नु पर्ने र यी सुविधा जनताले निःशुल्क उपभोग गर्न पाउनु पर्ने हो । तर यी क्षेत्र व्यापारीकरण र माफियाकरणको शिकार भएका छन् । बेरोजगारीको समस्या विकराल भएका कारण युवाहरूको विदेश पलायनले रेकर्ड नै तोडेको छ । तर, सरकार धेरै भन्दा धेरै युवालाई विदेश धकेलेर बढी भन्दा बढी विप्रेषण (रेमिट्र्यान्स) भित्र्याएर मन्त्री र सांसदहरूको सुविधा बढाउने योजनामा तल्लिन छ । वाइड बडी विमान खरिदमा भएको ४ अरब ३५ करोड ५६ लाखको भ्रष्टाचार लुकाउने खेल सरकारबाट नै भैरहेको छ । मेलम्ची खाने पानी आयोजनाले "आकाशको फल आँखातरी मर्" भन्ने नेपाली उखानलाई चरितार्थ गरिरहेको छ । दुईतिहाईको दम्भ जतासुकै प्रदर्शन गदै आएको यो सरकारले देशमा फासिवाद लागु गर्ने खतरा बढेको छ । यो सरकारले कुनै खास धर्मको प्रचारकको समेत भूमिका खेलेको र त्यस वापत प्रधानमन्त्रीले १ लाख डलर बक्सिस् लिएको समाचारले राष्ट्रको सम्मान गुमेको छ ।

भारत र नेपालका वीचमा विगतमा भएका असमान सन्धि संझौताहरू- सन् १९५० को सन्धि, सन् १९६५ को सन्धि, बिप्पा सम्झौता, विभिन्न समयमा भएका दुई पक्षीय सम्झौता र संयुक्त विज्ञप्ति आदिको देशभक्त र प्रगतिशील शक्ति र नेपाली जनताबाट लामो समयदेखि विरोध हुँदै आएको छ ।

यसका साथै नेपालको सर्वश्रेष्ठ प्राकृतिक सम्पदा जलस्रोत सम्वन्धमा पनि त्यसै प्रकारका असमान र राष्ट्रघाती सन्धिसम्झौता- गण्डक सम्झौता, कोशी सम्झौता, महाकाली सन्धि, अपर कर्णाली, अरुण तेस्रो सम्झौता आदिको विरोध पनि हुँदै आएको कुरा सर्वविदितै छ । अपर कर्णाली ठेक्का पाएको बदनाम भारतीय कम्पनी जी.एम.आर. ले नेपालको अपर मर्स्याङ्दी तेस्रो मुलुक चीनको एउटा हाइड्रोपावर कम्पनीलाई हालै बिक्री गरेको छ । के यो नेपालको राष्ट्रिय स्वाधीनताको सम्वन्धमा लज्जाजनक अवस्था होइन र ?

त्यतिमात्र होइन, भारत सरकारले नेपालका सुस्ता, महेशपुर लगायत धेरै ठाउँमा हाम्रो भूमि कब्जा गर्दै आएको र ७४ ठाउँमा नेपालको सीमा मिचेको कुरा त जग जाहेर नै छ । पछिल्लो चरणमा आएर नेपालको उत्तर पश्चिम सीमामा पर्ने लिपुलेकदेखि कालापानी, लिम्पियाधुरा सम्मको ३७२ वर्ग किलोमिटर भूभाग गायब पारिएको नक्सा भारतले छापेर सर्वत्र फैलाएको छ । यसलाई एउटा विडम्बना नै मान्नु पर्छ कि नेपालका प्रधानमन्त्री र मन्त्रीहरू, मन्त्रालयका सचिवहरू आफ्ना मन्त्रालयहरूमा त्यही नक्सा झुण्ड्याएर आनन्द लिइरहेका छन् ।नेपालको क्षेत्रफल १,४७,१८१ वर्ग किलोमिटर भएको कुरा त विश्वभर नै स्थापित तथ्य हो । तर हालै सात प्रदेशका अलग नक्साको क्षेत्रफल जोड्दा १०,०१९ वर्ग किलो मिटर भूभाग हराएको देखिन्छ । यसको खोजी तत्परताका साथ हुनु पर्ने होइन र ? यत्रो राष्ट्रघातलाई पनि हामी सहेरै बसिरहने ? यस्तै हो भने नेपालको राष्ट्रिय स्वाधीनता र सार्वभौमिकता कसरी जोगिएला ? नेपालको अस्मिताको रक्षा कसरी होला ?

यी सबैका लागि मुख्य रूपमा जिम्मेवार यो सरकार हो । उपरोक्त विषयसित सम्बन्धित मागहरूलाई जन स्तरबाट उठाउने काम त भैरहेका छन् । देशभक्त, प्रगतिशील र सच्चा वामपन्थीहरूले दबाबमूलक संघर्षका कार्यक्रमपनि गर्दै आएका छन् । तर यो सरकारआफैं जनविरोधी र राष्ट्रघाती भएको हुनाले यस प्रकारका विरोधसुन्ने पक्षमा छैन । यस्तो स्थितिमाअब के गर्ने ? प्रधानमन्त्री यसकारण ढुक्क देखिन्छन् कि संविधानतः उनलाई यतिखेर कसैले हटाउन सक्दैन, किनभने सरकारलाई संसदमा दुई तिहाई बहुमत प्राप्त छ । यसमा सत्यता पनि छ । संविधानतः के.पी. शर्मा ओलीलाई यतिखेर कसैले पदबाट हटाउन सक्दैन । यसको अर्थ उनलाई हटाउन सकिने कुनै विकल्प नै छैन त ? निश्चित रूपमा त्यसको विकल्प छ । यसको एक मात्र विकल्प छ, त्यो हो- सडक संघर्ष वा सडकआन्दोलन । प्रचलित भाषामा जनआन्दोलन ।

प्रश्न उठ्छ- यी सबै विकृति केवल के.पी. शर्मा ओलीको असक्षमता वा गलत प्रवृत्तिका कारण मात्र भएका हुन् ? के ओलीलाई प्रधानमन्त्री पदबाट हटाउँदैमा सबै चिज ठिक भैहाल्छ त ? निश्चित रूपमा के.पी.ओली यसका निमित्त जिम्मेवार त छन् । तर उनलाई मात्र हटाउँदैमा, यही व्यवस्था भित्रको अरु कसैलाई ल्याएर त्यो कुर्सीमा राख्दैमा सबै चिज ठिक भैहाल्छ त ? बीसको उन्नाइस् हुन सक्ला, त्यस भन्दा बढी केही हुन सक्दैन । यसको सच्चा विकल्प खोजिनु पर्दछ । के.पी. शर्मा ओलीको विकल्प त्यही पार्टीको अरु कोही नेता हुन सक्दैन । न त संसदीय प्रतिपक्ष नेपाली कांग्रेस नै हुन सक्दछ । यसका निमित्त मुख्य जिम्मेवार त प्रतिकृयावादी राज्य व्यवस्था हो । यो राज्य व्यवस्था नै गलत भएको कारणले शासकहरूबाट यति धेरै राष्ट्रघाती र जनघाती काम गर्न संभव भएको हो । यस प्रकारको परि स्थितिका निमित्त जिम्मेवार संविधान हो । यो संविधान पश्चगामी भएको हुनाले नै यति धेरै पश्चगामी काम गर्न शासकहरूका लागि संभव भएको हो । यदि साँच्चै नेपाली समाजलाई नयाँ युगतिर लैजाने हो भने आमूल परिवर्तनको दिशामा अघि बढ्नु आवश्यक र अनिवार्य छ ।

यसका निमित्त यो पश्चगामी संविधान र प्रतिकृयावादी व्यवस्था कै विकल्प खोज्नु आवश्यक छ । यसको विकल्प छ त ? प्रतिकृयावादी सत्ताको सही विकल्प त्यस्तै अर्को प्रतिकृयावादी व्यवस्था हुन सक्दैन । के के.पी. ओलीको विकल्प ने.क.पा (नेकपा) को अन्य कुनै नेता हुन सक्छ ?ने.क.पा. को विकल्प त्यही ने.क.पा. नै हुन सक्छ ? त्यो सही विकल्प हुन सक्दैन । उसो भए सत्ताधारी ने.क.पा. को विकल्प नेपाली कांग्रेस हुन सक्दछ ? त्यो पनि सही विकल्प हुन सक्दैन । सही विकल्प त्यो भन्दा अग्रगामी शक्ति हुनु पर्दछ । जुन शक्तिले आमूल परिवर्तनका लागि, जनगणतन्त्रका लागि संघर्ष गरिरहेको छ, त्यही शक्ति सही विकल्प हुन सक्दछ । जुन पार्टी प्रतिकृयावादी व्यवस्थाको अन्त्य गरेर प्रगतिशील र क्रान्तिकारी व्यवस्था ल्याउनका लागि संघर्ष गरिरहेको छ, त्यही पार्टी सच्चा विकल्प हुन सक्दछ । यसको सही विकल्प अग्रगामी व्यवस्था हो, अहिलेको भन्दा गुणात्मक र उच्च किसिमको व्यवस्था हो । विद्यमान लोकतान्त्रिक गणतन्त्रको अग्रगामी विकल्प संघीय जनगणतन्त्र हो । त्यसकारण, अबको संघर्ष संघीय जनगणतन्त्रको प्राप्तिका लागि हुनु पर्दछ ।

यसको निमित्त सशक्त आन्दोलनको आवश्यकता पर्दछ । देशभक्त जनगणतान्त्रिक मोर्चाले आन्दोलनको प्रारम्भिक कार्यक्रम निश्चित गरि सकेको छ । आगामी फागुन ७ गते देखि २१ गते सम्म 'मेची महाकाली जनजागरण र जनपरिचालन अभियान' संचालन गरिने छ, जसको एकै साथ काठमाडौं, पोखरा, झापाको काँकडभिट्टा र कञ्चनपुरको गड्डा चौकीमा उद्घाटन गरिने छ । यसको समापन फागुन २१ गते चितवनमा भव्य जनसभामा गरिने छ । यसका साथै ऐतिहासिक जनआन्दोलनको दिन आगामी चैत्र २४ गते काठमाडौंमा विराट जनप्रदर्शन गरिने छ । विशाल जनसभाका वीच देशभक्त जनगणतान्त्रिक मोर्चाको प्रथम राष्ट्रिय सम्मेलनको उद्घाटन गरिने छ । यस प्रकारका ठोस योजनासहित हामी जनआन्दोलनको तयारिमा जुटेका छौं । हामी यो आन्दोलनलाई परिवर्तन चाहने सबै नेपालीको साझा आन्दोलनका रूपमा अघि बढाउन चाहन्छौं । आउनुहोस्, फेरि अर्को ऐतिहासिकक जनआन्दोलनको सृष्टि गरौं ! संघीय जनगणतन्त्र नेपालको स्थापनाको लागि अघि बढौं ! !

*(२०७५ पौष ३० गते राष्ट्रिय प्रज्ञा प्रतिष्ठान कमलादीमा सम्पन्न अन्तरक्रिया कार्यक्रममा प्रस्तुत अवधारणापत्र ।)*

## नेपालालिक्स

# स्विस बैंकमा जम्मा गरिएको कालोधनको कथा




● **खोज पत्रकारिता केन्द्र**

काठमाडौं – बानेश्वर गंगादेवी टोल ठेगाना उल्लेख गर्ने मिनु शाह छिब्बरको मात्रै स्विस बैंकमा २ अर्ब ६१ करोड रूपैयाँ जम्मा छ । यहाँका बैंकमा सबैभन्दा धेरै रकम जम्मा गर्ने नेपालीमा पर्छिन् मिनु ।

**स्विस बैंक पुऱ्याइएको 'शंकास्पद धन' को नेपाल 'कनेक्सन'**

२७ माघ २०७१ मा नेपालमा सनसनी भएको समाचार हो- 'स्विस बैंकमा नेपालीको साढे ५ अर्ब' रूपैयाँ । खोज पत्रकार हरूको अन्तर्राष्ट्रिय संयन्त्र 'दी इन्टरनेशनल कन्सोर्टियम अफ इन्भेष्टिगेटिभ जर्नालिष्ट्स' (आईसीआईजे) ले त्यसबेला स्विस बैंकमा पैसा राख्ने त्यस्ता नेपालीको नाम उल्लेख नगरी रकम मात्रै सार्वजनिक गरेको थियो ।

यो रहस्यमय सम्पत्ति कसको होला भन्ने बारेमा आ-आफ्ना अड्कलबाजीहरू थिए। धेरैलाई 'राजनीतिक नेतृत्वले लुकाएको अवैध धन' हुनुपर्छ भन्ने लागेको थियो। आईसीआईजेले 'स्विस लिक्स', 'अफसोर लिक्स', 'पनामा पेपर्स' र 'प्याराडाइज पेपर्स'मा अध्ययन गरेका करीब दुई करोड ८० लाख कागजातमध्ये नेपाल नाम जोडिएका तीन हजार कागजात हामीले अध्ययन गऱ्यौं ।

यसमा आईसीआईजेबाट प्राप्त, त्यसका आधारमा गरिएका थप अनुसन्धान, विभिन्न मुलुकका कम्पनी रजिष्ट्रारको कार्यालयका विवरणहरू, विदेशस्थित खोज पत्रकारहरूले उपलब्ध गराएका तथ्यहरू र इमेल पत्राचारबाट संकलन गरिएको सूचनाहरू समावेश छन् । इन्टरनेटमा आधारित थप अनुसन्धानले हामीलाई नयाँ दस्तावेजहरू प्राप्त गर्न र प्राप्त दस्तावेजहरू केलाउन सजिलो बनायो । तीमध्ये 'स्विस लिक्स'सँग सम्बन्धित कागजातले केही नेपाली नागरिक र केही चाहिं नेपाली कागजात र ठेगाना प्रयोग गरेर विदेशीले पनि स्विस बैंकमा रकम जम्मा गरेको भेटियो यो स्टोरी त्यसैको सार हो ।

**७ अर्बबाट ५२ अर्ब**

आईसीआईजेले २०७१ सालमा सन् २००६/०७ को विवरण मात्रै सार्वजनिक गरेको थियो। तर, त्यसपछि पनि स्विस बैंकमा नेपालीको सम्पत्ति बढेको बढ्यै छ । सन् २०१७ मा स्विस बैंकले नै सार्वजनिक गरेको विवरण अनुसार, अहिलेसम्म त्यहाँ नेपालीले राख्ने र झिक्ने गरेको रकम आधा खर्ब रूपैयाँ नाघिसकेको छ ।

सन् २०१७ मा स्विस बैंकले आफ्नो बैंकमा नेपालीहरूको बचत रहेको विवरण वेबसाइटमा सार्वजनिक गरेपछि खोज पत्रकारिता केन्द्रले स्विस बैंकलाई इमेल लेख्यो । 'तपाईंहरूले राखेको विवरणमा नेपालीको बचत कति हो भन्नेबारेमा हामी स्पष्ट हुन सकेनौं । कुन शीर्षकको रकम नेपालीको बचत हो?' भन्नेलगायतका विषयमा स्विस बैंकसँग पाँच पटक इमेलमा कुराकानी भयो ।

स्विट्जरल्यान्ड, ज्यूरिकको स्विस नेशनल बैंकका तथ्यांक अर्थशास्त्री दिमित्रि लेन्जिनले आफ्नो अन्तिम इमेलमा प्रष्ट्याए, कि बैंकले नेपाल देशअन्तर्गत सार्वजनिक गरेका विवरणहरू मध्ये 'एमाउन्टस डियू इन रेस्पेक्ट अफ कस्टुमर डिपोजिट' शीर्षकमा रहेको रकम नेपालीको हो। २० जुलाई २०१८ को इमेलमा उनले थपे, 'यो प्रत्येक वर्ष छुट्टाछुट्टै जम्मा भएको रकम हो ।'

उसले सुझाए अनुसारको रकमको योगफल निकाल्दा नेपालीले ४६ करोड ८ लाख २१ हजार स्विस फ्याँक (हालको विनिमय दर अनुसार- ५२ अर्ब ७ करोड २७ लाख ७३ हजार रूपैयाँ) बचत गरेको देखिन्छ । यस बापत उनीहरूले ६९ लाख ७४ हजार स्विस फ्याँक (७७ करोड ४१ लाख १४ हजार रूपैयाँ) ब्याज समेत पाइसके। 'यो कति जना नेपालीको बचत हो?' अर्को इमेलमा हामीले प्रश्न गर्‍यौं। जवाफमा उनले लेखे, 'हामी बचतकर्ताको संख्या सार्वजनिक गर्न सक्दैनौं ।'

रोचक कुरा के छ भने नेपालमा द्वन्द्व शुरू भएकै वर्ष सन् १९९६ अर्थात् २०५२ सालदेखि नेपालीले स्विस बैंकमा रकम जम्मा गर्न थालेको देखिन्छ । स्विस नेशनल बैंकले २०१७ मा सार्वजनिक गरेको विवरण अनुसार, पहिलो वर्ष १ करोड १० लाख ४२ हजार स्विस फ्र्यांक अर्थात् १ अर्ब २४ करोड ७७ लाख ४६ हजार रूपैयाँ बचत गरेको देखिन्छ। द्वन्द्वकालको १० वर्षे अवधिमा २४ करोड २ लाख ७२ हजार स्विस फ्र्यांक (२७ अर्ब १५ करोड ७ लाख ३६ हजार रूपैयाँ) नेपालीले स्विस बैंकमा रकम जम्मा गरेका छन् ।

द्वन्द्व सकिएपछिका दुई वर्षमा सबैभन्दा बढी रकम बचत भएको छ । सन् २००६ अर्थात् २०६३ सालमा मात्रै ३ करोड ६७ लाख २७ हजार स्विस फ्र्यांक (४ अर्ब १५ करोड १ लाख ५१ हजार रूपैयाँ) बचत गरेका छन् । सन् २००७ मा ३ करोड ४५ लाख १० स्विस फ्र्यांक (३ अर्ब ८९ करोड ९६ लाख ३० हजार रूपैयाँ) बचत गरेका छन् ।

कुल बचतबाट अहिलेसम्म १३ करोड ८९ लाख ३७ हजार स्विस फ्र्यांक अर्थात् करीब १५ अर्ब ५८ करोड ६८ लाख ८१ हजार रूपैयाँ खाताबाट निकालेको देखिन्छ । अहिले पनि नेपालीको ३५ अर्ब ८४ करोड रूपैयाँ स्विस बैंकमा छ । कानून छलेर देशभित्र र बाहिर राखेको सम्पत्तिको अध्ययन गर्न नेपाल सरकारले सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग गठन गरेको १२ वर्ष भइसकेको छ ।

तर स्विस बैंकमा पैसा पुऱ्याउने क्रम रोकिएको छैन । विभाग गठन भएको २०६४ देखि २०७४ सालको अवधिमा मात्रै २२ करोड ५ लाख ४९ हजार स्विस फ्र्यांक (२४ अर्ब ९२ करोड २ लाख ३७ हजार रूपैयाँ) नेपाली बचतकर्ताले स्विस बैंकमा पुऱ्याएका छन् । अहिले सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई प्रधानमन्त्री कार्यालय मातहत लगेर राखिएको छ । यति गम्भीर मामिलामा यो निकायले कुनै सक्रियता देखाएको सार्वजनिक जानकारीमा छैन ।

विभागका प्रवक्ता विनोद लामिछाने अन्तरदेशीय सूचना संकलनमा कानूनी समस्या रहेको बताउँछन् । "यहाँ बसेर ज्योतिषीले चिना हेरेझैं पत्ता लाग्दैन। अन्य देशहरूसँग सूचना लिन नेपाल सरकारले पारस्परिक सूचना आदान-प्रदान सम्बन्धी सम्झौता गर्नुपर्ने हुन्छ । अहिलेसम्म त्यस्तो सम्झौता भइनसकेकाले अध्ययनमा कठिनाइ छ ।"

तर, विज्ञहरूका भनाइमा विभागले काम गर्न नसक्नुमा संरचनागत कारण पनि जिम्मेवार छ । "यो विभागलाई अर्थ मन्त्रालय वा प्रधानमन्त्री कार्यालय मातहतमा राख्नै हुँदैनथ्यो ।" राष्ट्र बैंकमा स्रोतमाथि निगरानी र सम्पत्ति शुद्धीकरण सम्बन्धी काम गर्ने वित्तीय जानकारी इकाइ प्रमुख भएर पाँच वर्ष काम गरेका धर्मराज सापकोटा भन्छन्, "विभाग गठन गर्दा छुट्टै स्वायत्त संस्था बनाउन धेरै प्रयास गरियो, भएन। यो त्यसैको परिणाम हो ।"

अहिले लन्डनमा बस्दै आएकी नेपाली नागरिक मिनु र उनका दुई छोराहरूको नाममा सबैभन्दा बढी रकम स्विस बैंकमा जम्मा छ । हाम्रो अनुसन्धानले के देखाएको छ भने- बानेश्वरस्थित गंगादेवी टोलमा घर ठेगाना उल्लेख गरेर स्विस बैंकमा पैसा जम्मा गर्ने मिनु शाह विवाह पछि मिनु शाह छिब्बर भएकी हुन् । उनको अर्को ठेगाना चाहिं ललितपुरको कुपण्डोल हो । कुपण्डोलस्थित छिब्बर निवासमा भेटिएका शाहका सहयोगीले भने, "महारानी मिनु बेलायत जानु भा'छ । चैतमा आउनुहुन्छ ।"

बेलायतमा बसोबास गर्ने नेपाल आउजाउ गरिरहने मिनुले भारतीय नागरिक सिर्वतेरा प्रकाश (एसपी) छिब्बरसँग विवाह गरेकी छिन् । कागजातहरूले एसपी छिब्बरको सन् २००३ मा मृत्यु भएको देखाउँछन् । भारतीय अदालतमा परेको एउटा मुद्दा केलाउँदै जाँदा भेटिएका केही कागजातबाट एसपी छिब्बरकी जेठी श्रीमती पनि छन् भन्ने देखिन्छ । मिनुतर्फ दुई छोरा पर्वेश छिब्बर र महेश छिब्बर छन् ।

मिनु र उनका दुवै छोराको नेपाली राहदानी छ । सन् २००६/०७ मा ७८ लाख ५० हजार ९९१ का दरले दुई छोरा र मिनुले २ करोड ३५ लाख ५२ हजार ९७३ अमेरिकी डलर (२ अर्ब ६१ करोड ४३ लाख ८० हजार रूपैयाँ) स्विस बैंकमा जम्मा गरेका छन् । जेठो छोरा पर्वेशको भारतमा आडवानी होटल एन्ड रिसोर्ट र बेलायतमा आधा दर्जन कम्पनीहरूमा पनि लगानी छ । लन्डनको बर्लिङ्टन आर्केडमा बस्दै आएका कान्छो छोरा महेशको पनि लन्डनमै चार वटा कम्पनीमा लगानी रहेको देखिन्छ ।

हामीले बेलायतमा व्यवसाय गरिरहेका मिनुका छोरा पर्वेश छिब्बरसँग स्विस बैंकको बचत बारे सोधेका थियौं। उनले भने, "मलाई यसबारेमा कुनै जानकारी छैन, मेरो आमासँग कुरा गर्नुस् ।" मिनुसँग सम्पर्क गर्ने हाम्रो प्रयास सफल हुन सकेन ।

मिनु र उनका छोराहरूका कतिपय आर्थिक क्रियाकलापहरू शंकास्पद देखिन्छन् । छिब्बर परिवारको भारतको अदालतमा मुद्दा परेको छ भन्ने आईसीआईजेको कागजातबाट देखेपछि एक जना भारतीय पत्रकारको सहयोगमा हामीले दिल्ली उच्च अदालतका केही कागजात प्राप्त गर्‍यौं। प्राप्त विवरण अनुसार सन् २०१२ मा छिब्बर परिवारको सम्पत्ति सम्बन्धी एउटा मुद्दामा दिल्ली उच्च अदालतले मिनु र उनका छोराहरूले नेपाली ठेगाना प्रयोग गरेकोमा प्रश्न उठाएको भेटियो ।

स्विस बैंकका अनुसार, छोरा महेशले नेपाली राजदूतावास लन्डनको सिफारिशमा १० फेब्रुअरी १९९७ मा नेपाली पासपोर्ट बनाएका हुन् । पर्वेशले पनि २३ नोभेम्बर १९९९ मा नेपाली पासपोर्ट बनाएका छन्। 'दि ब्रिटेन नेपाल सोसाइटी' ले सन् १९९३ र १९९६ मा प्रकाशित गरेका दुईवटा स्मारिका अनुसार, मिनु उक्त सोसाइटीकी सदस्य हुन् ।

मिनु शाह छिब्बरका बारेमा बुझ्न हामीले परराष्ट्र मन्त्रालयमा सम्पर्क गऱ्यौं । मन्त्रालयको राहदानी विभागको प्रशासन शाखाका शाखा अधिकृत गणेशप्रसाद अधिकारीले दिएको जानकारी अनुसार, मिनु छिब्बरका नाममा बेलायतस्थित नेपाली दूतावासबाट १७ सेप्टेम्बर २०१३ मा ०६७०२५३६ नम्बरको मेसिन रिडेबल पासपोर्ट (एमआरपी) जारी भएको छ । पासपोर्टमा लेखिए अनुसार, उनको स्थायी ठेगाना ललितपुर बागडोल हो । पासपोर्टमा नजिकको नातेदारमा भतिजा अमोदप्रताप राणाको नाम उल्लेख छ ।

**सम्बन्धको जालो**

छिब्बर परिवारको सम्बन्ध अन्यत्र पनि छ। मिनुका दुई छोराहरू महेश र पर्वेश 'दुबईको पर्ल ग्लोबल फाइनान्स लिमिटेड' कम्पनीका लगानीकर्ता हुन् । यो कम्पनीमा लन्डनमा बसोबास गर्ने अमेरिकी नागरिक जोन मोरिशन एटवाटर पनि छन्। कम्पनीले कानूनी रूपमा इच्छाएको व्यक्ति उल्लेख गर्नुपर्ने ठाउँमा मिनु, पर्वेश र एटवाटरको नाम उल्लेख छ । स्विस बैंकको अभिलेख अनुसार मिनुको 'ग्राहकसँग सम्बन्धित व्यक्तिगत तथा कानूनी संस्था' मा एटवाटरको पनि नाम हुनुले मिनु, महेश, पर्वेश र एटवाटर चारै जना एउटै कारोबारमा सम्बन्धित व्यक्ति हुन् भन्न स्पष्ट हुन्छ ।

यसबारेको थप विवरणको खोजी गर्दै जाँदा मिनुको कारोबार स्विस बैंकमा मात्रै सीमित छैन भन्ने देखिन्छ । अवैध धन राख्न, स्रोत लुकाउन र गैरकानूनी आर्जनको खोजीनितीबाट बच्न सुरक्षित मानिने 'ट्याक्स हेवन' मुलुकको लगानीमा पनि मिनु जोडिएकी छिन् । आईसीआईजेको पानामा पेपर्सले फेला पारेको २०१६ को विवरण अनुसार ब्रिटिश भर्जिन आइल्यान्डस्को विवादास्पद कम्पनी मोसेक फोन्सेकाले मिनुको नाममा रुनी होल्डिङ्स कम्पनी दर्ता गराइदिएको छ ।

इङ्गल्यान्ड र फ्रान्सबीचको टापु जर्सीको च्यानल आइल्यान्डस्मा दर्ता भएको यो कम्पनीको बैंक खातामा लगानीको लाभकर्तामा मिनुको नाम छ । ट्याक्स हेवन मानिने जर्सीमा दर्ता भएको यो कम्पनी सन् २००० मा दर्ता भई २०१६ सम्म सक्रिय रहेको देखिन्छ । रुनी होल्डिङ्स कम्पनीको शेयर सदस्य सम्बन्धी सन् २०१० को एक दस्तावेज अनुसार, उक्त कम्पनीमा मिनुले लगानी गर्नुपूर्वका शेयर सदस्यहरू ब्रिटिश नागरिकहरू थिए । उनीहरूमार्फत मिनु 'ट्याक्स हेवन' मुलुकमा प्रवेश गरेको देखिन्छ ।

दुबईको पर्ल ग्लोबलसँग सम्बन्धित एटवाटर पनि स्विस बैंकका बचतकर्ता हुन् । उनले दुई फरक-फरक खातामा रकम जम्मा गरेका छन् । एउटा खातामा ९ लाख ७ हजार ७७ अमेरिकी डलर (९ करोड ६३ लाख रूपैयाँ) रकम जम्मा देखिन्छ । अर्को खातामा भने ५ करोड ६५ लाख १६ हजार ९७९ डलर अर्थात् करीब ९ अर्ब रूपैयाँ रकम देखिन्छ । अहिले उनी बेलायतमा बस्दै आएका छन् । स्विस बैंकको विवरण अनुसार, बेलायतमा एटवाटरको पाँच वटा कम्पनीमा लगानी देखिन्छ ।

एटवाटर र छिब्बर परिवारको कथाको साइनो नेपालसँग यहाँनेर जोडिन्छ। नेपालका राणा प्रधानमन्त्री श्री ३ पद्मशमशेरकी छोरी रमा मल्लसँग पनि एटवाटरको सम्बन्ध देखिन्छ । बेलायतमा एटवाटर र मल्ल व्यावसायिक साझेदार हुन्। उनीहरूको संयुक्त लगानीमा 'सिक्स्टीन अप्पर ब्रुक स्ट्रीट लिमिटेड' कम्पनी सञ्चालनमा छ । ३४ वर्षदेखि अस्तित्वमा रहेको उक्त कम्पनीमा सन् २००४ देखि मल्लको लगानी देखिन्छ । रमा नेपालस्थित ठमेलको 'मल्ल होटल' की अध्यक्ष हुन् । एक वर्षअघि रमाले नेपालमा ८ करोड १० लाख रूपैयाँ कर नतिरेको भनेर कर कार्यालयले सार्वजनिक सूचना जारी गरेको थियो। हामीले होटल मल्लको टेलिफोन नम्बरमा पटक पटक सम्पर्क गर्‍यौं तर रमासँग सम्पर्क हुन सकेन ।

**नेपाली कागजातको प्रयोग**

कतिपय विदेशी नागरिकले नेपाली कागजात प्रयोग गरेर स्विस बैंकमा सम्पत्ति राखेको पनि फेला परेको छ । आईसीआईजेले उपलब्ध गराएको विवरण अनुसार, ५३ वर्षीय इजरायली नागरिक लिवर जोहार येहुदाले नेपाली पासपोर्ट प्रयोग गरेर स्विस बैंकमा पैसा जम्मा गरेका छन्। येहुदाले पाटन, काठमाडौं ठेगाना उल्लेख गरी स्विस बैंकमा रकम जम्मा गरेका हुन्। केमिकल (रसायन) को आयात निर्यातका व्यापारी भनिने येहुदाको नाममा ४ लाख ९७ हजार २४६ अमेरिकी डलर (५ करोड ३५ लाख ७३ हजार २८४ रूपैयाँ) जम्मा देखिन्छ।

नेपाली ठाउँसँग मिल्ने ठेगाना उल्लेख गरी थप तीन जना विदेशीले पनि स्विस बैंकमा रकम जम्मा गरेका छन् । आईसीआईजेको सन् २००६र०७ को विवरण अनुसार, युएई ठेगाना भएका भारतीय नागरिक सुजलप्रकाश साहले ३ लाख ३२ हजार ७४० डलर (३ करोड ५८ लाख ४९ हजार ४०७ रूपैयाँ) जम्मा गरेका छन् ।

भारतका अरुणकुमार रामनिकलाल मेहताले ४ करोड ४ लाख अमेरिकी डलर (४ अर्ब ८४ करोड ४४ लाख १५ हजार ९७३ रूपैयाँ) जम्मा गरेका छन् । स्विस बैंकमा रकम जम्मा गर्ने खातावालाको 'व्यक्तिगत विवरण' सम्बन्धी दस्तावेजमा मेहताको ठेगाना 'पाटन', व्यवसाय मुम्बईको हीरा कम्पनीको डाइरेक्टर उल्लेख छ । नेपालमा नाम नसुनिएका मेहता को हुन् भनेर पत्ता लगाउन थप अनुसन्धान गऱ्यौं । यसमा खोपकेले प्राप्त गरेको दस्तावेजमा उनको व्यक्तिगत 'प्रोफाइल' सँग सम्बन्धित सूचीमा भेटिएका अन्य सात जनाको नाम र विवरणहरूका बारेमा डिजिटल अनुसन्धान गऱ्यो । त्यसबाट अरुणकुमार भारतीय नागरिक भएको र ती सातै जना उनको परिवारको सदस्य रहेको पुष्टि भयो । दस्तावेजमा उल्लेख भएको उनको ठेगाना पाटन भन्ने ठाउँ भारतको गुजरात राज्यमा पर्दछ जहाँ मेहता जन्मेका थिए ।

रजिष्ट्रार अफ कम्पनिज, इण्डियाका अनुसार, मेहताको भारतमा सात वटा कम्पनीमा लगानी छ । मुम्बईको रोजी ब्लू प्राइभेट लिमिटेड नामक उनको कम्पनी हीराको व्यापार गर्ने भारतकै ठूलामध्येको एक भएको भारतको आर्थिक दैनिक 'द इकोनोमिक टाइम्स'ले २०१८ मार्चमा प्रकाशित एउटा समाचारमा उल्लेख छ । सोही पत्रिकाले २०१६ अप्रिलमा प्रकाशन गरेको अर्को एउटा खबरमा मेहता र उनको परिवारका अन्य ६ सदस्य स्विस बैंकसँग जोडिएको ह्वाइट सेडार इन्भेष्टमेन्ट लिमिटेड नामको ट्रष्टका लाभकारी 'बेनिफिसियल ओनर' भएको आरोप लागेपछि भारतको मुम्बई उच्च अदालतमा मुद्दा चलेको थियो ।

अदालतले ह्वाइट सेडार इन्भेष्टमेन्ट लिमिटेड नामको ट्रष्टसँग आवद्ध कुन व्यक्तिले ४४ मिलियन डलर ...बाँकी ७ पेजमा

## ट्रम्प-किम वार्ता

# के छ कोरियाली प्रायद्वीपमा अमेरिकी स्वार्थ



अमेरिका तथा उत्तर कोरियाबीचमा फेरि अर्को वार्ता हुने भएको छ। यो वार्ता फेब्रुअरी महिनाको अन्त्यतिर भियतनाममा हुने गरी तय गरिएको अनुमान सञ्चार बजारमा छाएको छ। वार्ताको चाहना उत्तरकोरियाको भन्दा पनि अमेरिकाको उत्कट रहेको देखिन्छ। दोस्रो वार्ताको लागि अमेरिकाले चाहना राखेको भन्दै गर्दा उत्तर-कोरियाली नेता किम जोङ उन चीनमा पुगेर वार्ता गरी स्वदेश फर्किइसकेका छन्। यो अमेरिकी राष्ट्रति ट्रम्पसँगको हुने भनिएको भेटको तयारीका लागि गरिएको हुनसक्ने बताइएको छ।

अर्कोतिर अमेरिकासँगको वार्तामा उत्तर कोरियाको पनि चासो कम भने रहेको छैन। यो कुटनीतिकका साथै व्यवहारिक पनि रहेको बताइएको छ। उत्तर कोरियाले अमेरिकी नाकाबन्दीका कारण उत्तर कोरियाली जनताले सास्ती भोग्नु परिरहेको स्वयम् उत्तरकोरियाली नेता किम जोङ उनले निकै आक्रोशपूर्ण भाषामा अभिव्यक्त गरिरहेका छन्। अघिल्लो साता उनले आफ्ना सहकर्मी तथा कोरियन वर्कर्स पार्टीका उपाध्यक्ष किम योङ चोललाई वासिंगटन भ्रमणमा पठाएका छन्। त्यहाँ पुगेको उत्तरकोरियाली टिमले राट्रपति ट्रम्पका लागि भनेर राष्ट्रपति किम जोङ उनले लेखेको पत्र पनि हात पारिदिएका छन्।

उत्तर कोरियाले अमेरिकी नाकाबन्दी हटाएर आफ्नो देशका लागि आवश्यक सामग्रीहरू आयात गरी हालसम्म भोगेका समस्याहरूको अन्त्य गर्न चाहन्छ। यसका साथै देशले गरेको आणविक उन्नतिका हराहारीमा आर्थिक तथा भौतिक उन्नति पनि गर्न चाहन्छ।

तर अमेरिकाको भने चाहना निकै भिन्न छ। प्रथमतः अमेरिकाले उत्तर कोरियाली प्रायद्वीपमा आफ्नो रणनीतिक अड्डा कायम गर्न चाहन्छ। त्यसैले यहाँको इस्युलाई अमेरिकाले लम्ब्याइरहन चाहेको छ र त्यो इस्युमा खेलिरहन चाहेको छ।

दोस्रो कुरा, उत्तरकोरियासँग जोडिइारहँदा चीनका बारेमा नजिकबाट अध्ययन गर्न पाउने मौकालाई अमेरिकाले सदुपयोग गर्न चाहेको देखिन्छ। तेस्रो कुरा, उत्तर कोरियाको विषयलाई लिएर अमेरिकाले युरोप तथा चीनसँग बार्गेनिङ तथा एक खाले विरोधाभाषपूर्ण सम्बन्ध बनाइराख्न चाहन्छ। चौथो कुरा, अमेरिकाले उत्तरकोरियाको विषयलाई लिएर एशियामाथि नयाँखालको अनौठो सम्बन्ध खेलपूर्ण सम्बन्ध बनाउन चाहन्छ, जो युद्धका लागि पनि र शान्तिका लागि पनि कामयावी हुन सकोस्।

पाँचौ कुरा, उत्तरकोरिया चीनको नजिक पर्ने भएकाले सकभर मित्रताकै सम्बन्ध निर्माणमा जोड दिन चाहेको देखिन्छ। यसले कथंकदाचित चीन र युरोपसँग पनि बन्ने र बिग्रने अमेरिकी सम्बन्धमा केही सहयोगी भूमिका निर्वाह गर्नसक्ने सोचको विकास गरेको देखिन्छ।

# भेंडाको छालामा लेखिएको 'म्यागना कार्टा'

१. म्याग्नाकार्टा, एक महावडापत्र, लाई स्वतन्त्रताको वडापत्र मानिन्छ। यो वडापत्र सन् १२१७ मा प्रकाशित भएपछि यसलाई म्याग्नाकार्टा नामले पकारिएको थियो।

२. यो सुरुमा लेखिंदा ल्याटिन भाषामा लेखिएको थियो। तीन शय वर्षपछिसम्म पनि यो अंग्रेजी भाषामा लेखिएन।

३. सन् १२१५मा फ्रान्सेली भाषामा अनुवाद भएपछि यो नै अनुवादको दोस्रो भाषा बनेको थियो। साथै, फ्रान्सेली भाषा भनेको त्यसबेलाका विश्वका गनेमानेका राजनेता र शासकहरूले बोल्ने भाषा थियो, जस्तो कि अहिले अंग्रेजी प्रचलनमा छ।

४. आधुनिक अंग्रेजीमा रूपान्तरण गरेपछि हाल यो ४९२२ शब्दमा अटाएको छ। जब कि मानवअधिकारसम्बन्धिविश्वव्यापी घोषणा पत्र मात्र १८३३ शब्दमा सीमित छ।

५. मौलिक रूपमा म्याग्नाकार्टाको लेखन राजा जोहनले शर्तहरू उल्लंघन गरेको ठीक तीन महिना अधिमात्र सकिएको थियो।

६. यसलाई सन् १२२५ मा राजा हेनरी तृतीयका पालामा प्रकाशित गरिएको थियो।

७. म्याग्ना कार्टा सुरुको ल्याटिन भाषामा लेखिंदा भेंडाको छाला सुकाएर त्यसैमा लेखिएको थियो।

८. यसको कपी गरिएको लिखत सन् २००७ मा आएर दश मिलियन डलरमा बिक्रि गरिएको थियो।

९ . सन् २०१५मा लेखिएको म्याग्ना कार्टाको मौलिक चारप्रति अझैं पनि सुरक्षित छ।

१०. म्याग्नाकार्टालाई सताब्दियौं पछिसम्म पनि स्वीकार गरिएन। नाटककार शेक्सपियरले त राजा जोहनको जीवन र जीवन पर्यन्त पनि म्याग्नाकार्टाको उल्लेख गरेनन्।

## प्रधानमन्त्री टेरिजा मेको ब्रेक्जिट संसदबाट अस्वीकृत

### ईयु संसदमा बढ्यो चीसो आशंका

काठमाडौं। प्रधानमन्त्री टेरिजा मेको ब्रेक्जिट डिल बेलायती संसदबाट असफल भएको छ। युरोपीय युनियनबाट ब्रिटेन अलग गर्नका लागि सबै गृहकार्य सकेर संसदमा पेश गरिएको प्रस्ताव अस्वीकृत भएको छ। प्रस्तुत प्रस्तावमा मेलाई जम्मा २०२ सांसदले समर्थन गरे भने यसको विपक्षमा ४३२ सांसदले आफ्ना मत जाहेर गरे।

यही आशंकालाई चिर्न संसदमा प्रस्ताव पेश गर्नुअघि मेले संसदलाई प्रभावित पार्नेगरी सम्बोधन पनि गरेकी थिइन। उनले सुरुदेखिको कुरा उठाएर आफ्नो योजनाको बचाउ गर्न समय पनि खर्च गरेकी थिइन्। निकै भावुक र आवेशपूर्ण सम्बोधनका क्रममा उनले आफू र आफ्नो ब्रेक्जिट डिललाई संसदको समर्थन नै बेलायतको भविष्य भएको समेत बताएकी थिइन्। उनले आफू सत्तामा रहेको अवधि यत्ति नै भएकाले बेलायत तथा बेलायती जनताका लागि आफूले केही अविस्मरणीय काम गरेर जाने कुरामा समेत् जोड दिएकी थिइन्।

सम्बोधनका क्रममा उनले आफ्नो जीवनको राजनीतिक करियरकै सबैभन्दा महत्वपूर्ण क्षण भएको बताउन पनि पछि परिनन्। तर, प्रधानमन्त्री मेले आफ्नै कन्जरभेटिभ पार्टीका ११८ सांसदको मन समेत जित्न सकिनन्। परिणामतः ब्रेक्जिट डिलको विपक्षमा बहुमत पर्न गयो। बेलायती संसदमा हालसम्म भएका महत्वपूर्ण ऐतिहासिक घटनाहरूमा ब्रेकजिटको यो सरकारी प्रस्ताब नै सबैभन्दा ठूलो हार भएको घटनाका रूपमा दरिएको छ। विपक्षीले यति ठूलो मत पाउँदै गर्दा विपक्षी दलकै लेबर पार्टीका तीन सांसदले भने ब्रेक्जिट डिलको पक्षमा आफ्नो मत जाहेर गरेका थिए।

पहिले पनि अविश्वासको प्रस्ताव झेलेकी टेरेजा मेका विरुद्ध उनको यो ऐतिहासिक हारपछि विपक्षी लेबर पार्टीले सरकारविरुद्ध अविश्वासको प्रस्ताव दर्ता गरेको छ। विपक्षी लेबर पार्टीका नेता जेरेमी कोर्बिनको दाबीअनुसार प्रधानमन्त्री मेको ब्रेक्जिट डिल खारेज भई सरकारले संसदको विश्वास मत गुमाउन पुगेको छ।

### सिंगो...

सरकारसहित सिंगो राज्यको विकल्पको खोजीमा अब बिनाढिलाइ सडकमा उत्रनुपर्ने बेला आइसकेको कुरामा उनले जोड दिएका थिए।

अन्तरक्रियामा सीमाविद तथा नापी विभागका पूर्व महानिर्देशक बद्धिनारायण श्रेष्ठले देश, देशभक्ति, राष्ट्रियता र राष्ट्रको भावना तथा मनोविज्ञानको व्याख्या गर्दै यसको बचाउका लागि नेपालीहरू समयमा नै उठिबस्नुपर्ने कुरामा जोड दिए। उनका अनुसार देशघाती, जनघाती तथा जनतामाराका विरुद्धमा सबै उठिबस्नुपर्छ र जनता विरोधीहरूको दाहोलो काढ्नुपर्छ। राष्ट्र भनेपछि भूगोल हुन्छ, निश्चित जनसंख्या हुन्छ, सीमा हुन्छ, सार्वभामिकता हुन्छ, स्वतन्त्र सरकार हुन्छ भन्दै श्रेष्ठले नेपालमा अहिले सार्वभौमिकता खोज्नु पर्ने, स्वतन्त्र सरकार नदेखिने र सीमाको रक्षा नहुने भएको बताए। श्रेष्ठले नेपालको मिचिएका सिमाहरू र हडपिएका अतिक्रमित भूभागहरू विदेशी लाइब्रेरीमा रहेका नक्शामा अझैं पनि सुरक्षित रहेकाले तिनको खोजी गरी सप्रमाण लड्नुपर्ने र किम्बदन्ती जस्तो कुरा गरेर नहुने बताए। लिम्पियाधुरादेखि पश्चिमबाट सीमाना हुँदै पूर्वको पशुपति नगरसम्म पुग्दा नेपालको सीमाना पूरै मिचेर भारतले उसको सीमाभित्र देखाएकाले यसको फिर्ताका लागि सबै एकजुट भएर लड्नुपर्ने बताए। उनले भने यी सबै कुराका लागि देशमा जनताले पनि परिवर्तन खोजेका छन्।

अन्तरक्रिया कार्यक्रममा प्रो.डा. सुरेन्द्र केसीले देशमा ठूलाठूला युद्ध र आन्दोलनहरू भएपनि जनताका लागि वास्तविक परिवर्तन ल्याउन राजनीतिक दलहरू र यसका नेताहरू चुकेको बताउँदै एक्काइसौं शताब्दीमा क्रान्तिको नयाँ मोडल खोज्नुपर्ने र नोललाई मुक्त गराएर छाड्नु पर्ने कुरामा जोड दिएका थिए। उनले वर्तमान ओलीको सरकार सबैभन्दा नाकाम सरकार भएको औंल्याउँदै यसले देश र जनताका लागि भलो हुने कुनै पनि काम गर्न नसक्ने ठोकुवा गरेका थिए कम्युनिष्ट सिध्याउने खेलमा लागेको क्रिश्चियन को होली वाइन शेचन गरेर सोल्टी होटलमा प्रधानमन्त्रीको कार्यालय नै सार्ने र रासोबासो त्यही गराउने ओली न त कम्युनिष्ट रेको न त देशभक्त रहन सकेको बताएका थिए। जनयुद्ध लडेर पनि त्यसको उपलब्धिको संरक्षण गर्न नसकेको भन्दै कम्युनिष्ट नेताहरू र पार्टीहरूले देश र जनताका लागि खेलवाड गर्न नहुने कुरामा जोड लिएका थिए। अन्तरक्रिया कार्यक्रमका सञ्चालक तथा देशभक्त जनगणतान्त्रिक मोर्चाका केन्द्रीय सचिव परि थापाले अबको आन्दोलनका लागि विचार र संस्कृतिमा आफूहरूलाई धेरै माथि उठाउनुपर्ने र प्रशिक्षित गर्नुपर्ने कुरामा जोड दिएका थिए। यसका साथै, कार्यक्रममा सहभागी सबैलाई धन्यवाद दिँदै सुझाव र टिप्पणी गरेर सहयोग पुर्याएका अतिथिहरूप्रति आभारसमेत् व्यक्त गरेका थिए।

### क्रान्तिकारी पत्रकार...

महासंघको बैठकले सम्मेलनलाई भव्य रूपमा सम्पन्न गर्नका विधान तथा प्रतिवेदन लेखन उपसमिति, आर्थिक तथा व्यवस्थापन उपसमिति, प्रचार तथा प्रकाशन उपसमिति निर्माण समेत गरेको छ।

सम्मेलनलाई लक्षित गर्दै पछिल्लो चरणमा क्रान्तिकारी पत्रकार महासंघले प्रदेश तथा जिल्लाहरूमा संगठन निर्माणलाई तीव्रता दिएको छ। यसै क्रममा महासंघले प्रदेश नम्बर चार, सात र तीनको भेला सम्पन्न गरिसकेको छ भने प्रदेश नम्बर तीनले आइतबार (आज) मुख्यमन्त्रीलाई मकवानपुरको हेटौडामा ज्ञापन पत्र बुझाउँदै छ।

बैठकले प्रदेश तथा केन्द्रीय स्तरमा पत्रकारको हक, हित र अधिकार र पत्रकारिताको विषयमा अन्तरक्रिया गर्ने, सरोकारवालहरूको बीचमा बहस, छलफल चलाउने, प्रेस काउन्सिल, सूचना विभाग र अन्य सम्बद्ध निकायहरूले लिएका नीति, प्रकृयाबारे संगठनको धारणा पेश गर्ने तथा श्रमजीवी पत्रकारहरूको पेशागत तथा भौतिक सुरक्षालगायतका विषयमा आवश्यक अन्य संघर्षका कार्यक्रमहरू निरन्तर सञ्चालन गर्ने निर्णयहरू गरको छ।

संगठनका अध्यक्ष राउतको अध्यक्षता तथा सञ्चालनमा सम्पन्न बैठकमा नेकपा (क्रान्तिकारी माओवादी) का स्थायी समिति सदस्य तथा पार्टी प्रकाशन विभाग इन्चार्ज रामसिंह श्रीस, संगठनका सल्लाहकार तथा पार्टीका केन्द्रीय सदस्य कुमार शाहको विशेष उपस्थिति रहेको थियो।

# क्रमवेलको अनौठो बेलायती गणतन्त्र

ओलिभर क्रमवेल बेलायतका निकै चर्चित राजनीतिक नेता हुन्। उनको नेतृत्वमा गणतन्त्र बेलायत स्थापना भएको थियो। बेलायतमा राजतन्त्र, त्यो पनि निकै गएगुज्रेको अवस्थामा चलिरहेको थियो। जनता निकै आजित थिए भने सेनाहरू पनि राजाको विपक्षमा थिए। यस्तो मौकाको फाइदा उठाउँदै क्रमवेल अगाडि बढे। उनलाई क्रमशः सेनाले साथ दिन थाल्यो। सेनाको सहयोगमा उनी बेलाती संसदमा सांसद बन्न सफल भए। त्यसपछि सन् १६४९ देखि १६५३ सम्म बेलायतका हर्ताकर्ता अभिभावक बनेरै रहे।

ओलिभर क्रमवेलले गणतन्त्रको स्थापनासँगै राजा चार्ल्सको टाउको काटेका थिए। भनिन्छ, चार्ल्स निकै निरंकुश थिए। जनताबाट बहिस्कृत भएका थिए। चार्ल्सले बेलायती समाजलाई कहिल्यै पनि परिवर्तन गर्ने र परिवर्तन हुन दिने छैनन भनेर सबैलाई लागेको थियो। चार्ल्सको टाउको गिंडनका लागि क्रमवेलको हस्ताक्षर जरुरी थियो। तर धेरैलाई के आशंका थियो भने क्रमवेल आफैमा प्युरिटन धर्मावलम्बी भएकाले उनले राजाको टाउको गिंड्ने कुरामा हस्ताक्षर गर्ने छैनन्। किनकि प्युरिटनहरू ईश्वरले दिएको भाग्य र भविष्यमा निकै विश्वास गर्छन्। तर क्रमवेलले राजा चार्ल्समाथि एक्सन लिनका लागि हस्ताक्षर गरे। राजा काटिए।

क्रमवेलका पालामा होटेलहरू, डान्सवारहरू, रक्सी पसलहरू र नाटकघरहरू पनि बन्द गरिए। धेरै खेलहरूमाथि प्रतिबन्ध लगाइए। सन्डे बिदाका दिन फुटबल खेल्ने केटाहरूलाई कडा सजाय दिन थालियो। महिलामाथि कडा निगरानी सुरु भयो। महिलाका लागि चर्च बाहेक मर्निङवाक बन्द गरियो। महिलाका लागि कपडा सिफारिस गरिए अनुसार लगाउनु पर्ने नियमहरू बनाइए। मेकअपका सामानहरूमाथि प्रतिवन्ध लगाइएको थियो। चहकिला कपडाहरूमाथि प्रतिबन्ध लगाइएको थियो।

कुर्कुच्चासम्म ढाकिने काला कपडा महिलाका लागि सिफरिस गरिएका थिए। त्यसमाथि सेतो एप्रोन र कपाल फोको पारेर बाँध्ने नियम बनाइएको थियो। पुरुषहरू छोटो कपाल पाल्ने र कपडा प्राय कालो नै लगाउने गर्दथे। क्रमवेलले त क्रिसमस मनाउन पनि प्रतिवन्ध लगाएका थिए। किनकि त्यसबेला क्रिसमस मनाउने भनेको रक्सीखाने, रमाइलो मनाउने र समय खर्चगर्ने मात्र बन्न पुगेको थियो। यी सबै कुरा एउटा प्युरिटन धर्मावलम्बीका लागि पाप हुन जान्थ्यो। मानिसले पछि मात्र थाह पाए कि क्रिसमस पर्वमाथि लगाइएको प्रतिवन्ध रक्सी, जुवा, भट्टी, समय खर्च आदि नगरुन् भनेर गरिएको थियो। तर आश्चर्यको कुरा त के थियो भने क्रमवेलले जे कुरा जनताका लागि नगर्न कानुन बनाएका थिए, ती कुरामा उनको लत नै थियो। अर्थात् उनलाई यी कुराहरू छुट थिए। उनी खेल खेल्थे, सङ्गीत सुन्थे र छोरीहरूको विहेमा निकै फजुल खर्च गर्ने गर्दथे।

बेलायतलाई राजनीतिक रूपमा ११ वटा प्रशासनिक इलाकाहरूमा विभाजन गरिएको थियो। हरेक प्रशासनिक इलाकाहरू आर्मी जनरलहरूबाट शासित थिए। यी जनरलहरू क्रमवेलका विश्वास पात्रहरू हुन्थे।

यस्ता धार्मिक मानिसमा भने आइरिश क्याथोलिक धर्मप्रति निकै घृणा थियो। उनले यी सबैलाई राष्ट्रघाती देख्ने गर्दथे। यीमाथि बेलायतले आफ्नो दबदबा बढाउनै पर्दछ भन्ने सोच्दथे।

यसै कारणले गर्दा उनले आइरिश दमनका लागि पठाएका सेनाहरूका अगाडि आत्मसमर्पण गर्न आएका आइरिस मानिस तथा सेनाको कत्लेआम गराएका थिए। आइरिशमाथि उनी र उनका सेनाले आतंक नै खडा गरेका थिए। गणतन्त्रका नेता तथा अभिभावक क्रमवेलले आइरिश इतिहासमा कालो छबी बनाएका छन्। बेलायती जनता क्रमवेलको शासनबाट छोटो अवधिमा नै वाक्कदिक्क भएका थिए। जब क्रमवेलको १६५८ मा मृत्यु भयो, उनको शब ३० हजार सेनाहरूको लावालश्कर लगाएर वेस्टमिन्स्टरमा लगेर दफनाइयो। जनता भने त्यो लाश खोसेर त्यहाँ दफनाउन नदिने तयारीमा थिए। किनकि यहाँ केवल राजारानीको लाश मात्र दफनाउने गरिएको थियो।

त्यसपछि क्रमवेलका छोरा रिचर्ड सत्तामा बसालिए। तर उनले सत्ताको चहना गरेनन् र चार्ल्स द्वितीयलाई राजा हुन आग्रह गरियो। तर उनले क्रमवेलको लाश वेस्टमिन्स्टरबाट झिकेर मिल्काएपछि मात्र राजा हुने बचन दिए।

त्यसपछि उनलाई राजारानी काटेको अभियोग लगाइयो। उनको हड्डी तथा अस्थिपञ्जर जमिनबाट झिकियो र हाइड पार्कमा ल्याएर फाँसी दिइयो। उनको खप्पर बेलायतमा लामो समयसम्म जनताका माझमा देखाउनका लागि लट्ठीमा घोपेर राखियो।

### बिग मिडिया...

खोजी खोजी छाप्ने गर्छन्। यसकारण बिग मिडियाहरू प्रायोजित छन्।'

मिडिया मालिकहरूले मिडियाहरूमा योजनाबद्ध एजेन्डा सेटिङ गर्ने गरेको र आफ्नो स्वार्थ अनुसार प्रायोजित समाचारहरू प्रकाशन र प्रशारण गर्ने गरेको चर्चा गर्दै अध्यक्ष गजुरेलले क्रान्तिकारी तथा जनपक्षीय शक्तिले आफ्नो लक्ष्य पूरा गर्न आफ्नै मिडियाहरू सञ्चालन गर्नुपर्ने र भएका मिडियाहरूको गुणस्तरलाई विकास र विस्तार गरेर लैजानुपर्ने आवश्यकता औल्याए।

ओली नेतृत्वको वर्तमान लोकतान्त्रिक गणतान्त्रिक सरकार पूर्णतः असफल भइसकेको दावी गर्दै अध्यक्ष गजुरेलले अबको विकल्प भनेको जनताका संघीय गणतन्त्र हो र त्यसको स्थापनाका निम्त क्रान्तिकारी माओवादी अहिले नयाँ जनवादी क्रान्तिको तयारीमा जुटिरहेको बताए र भने, 'राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विकराल समस्याको समाधान ओली सरकारबाट सम्भव छैन। त्यसको लागि अब क्रान्तिको विकल्प छैन। जनताको साथ सहयोग विस्तारै बढ्दै जानेछ।'

भेलालाई सम्बोधन गर्दै क्रान्तिकारी माओवादीका पिविएम तथा ३ नं. प्रदेश सचिव दिनेश शर्माले क्रान्तिकारी पत्रकारहरूले श्रमजीवि, शोषित-उत्पीडित जनसमुदायको पक्षमा कलम चलाउनु पर्छ भन्दै जनयुद्धका महान सहिद कृष्णसेन इच्छुकको पदचापलाई पछ्याउँदै क्रान्तिकारी पत्रकारहरूले नयाँ जनवादी क्रान्तिको पक्षमा आफूलाई दृढतापूर्वक उभ्याउने र निडरतापूर्वक कमल चलाउनुपर्ने विचार व्यक्त गरे। उनले भने, 'क्रान्तिकारी पत्रकारहरू जस्तोसुकै कठिनाइ पनि झेल्न तयार हुनुपर्छ। जनयुद्धका महान सहिद कृष्णसेन इच्छुकको पदचाप पछ्याउँदै क्रान्तिले सुम्पेको महान अभिभारा पूरा गर्न तम्तयार रहनु पर्दछ।'

भेलालाई सम्बोधन गर्दै क्रान्तिकारी पत्रकार महासंघका अध्यक्ष इन्द्र राउतले पत्रकारिता वर्गसापेक्ष हुने धारणा राख्दै मूलधारका भनिने मिडियाहरूले स्वतन्त्र र निष्पक्ष भूमिका निर्वाह गर्न नसकेको दावी गरे। उनले भने, 'मिडिया भनेको आवाजविहीनहरूको आवाज हो तर मूलधारका भनिने मिडियाहरूले यो दायित्व निर्वाह गरेका छैनन्। मिडिया वर्गीय हुन्छ भन्ने कुरा उनीहरूले दिने विचार र समाचारबाट नै प्रष्ट हुन्छ।'

मिडियाहरूमा आलोचनात्मक चेत भुत्ते हुँदै गएको चर्चा गर्दै वाच डगको भूमिका खेल्ने पत्रकारहरू ल्याप डगमा परिणत हुँदै गएकोमा चिन्ता व्यक्त गरे। राज्य प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताप्रति निरंकुश बन्दै गएको चर्चा गर्दै प्रेस विरोधी मुलुकी संहिता खारेज हुनुपर्ने धारणा राखे। डिजिटल मिडियाको वर्गीकरणको नाममा साना तथा स्वरोजगारमुखी मिडियाहरूलाई नियन्त्रण गर्ने गरी प्रेस काउन्सीलले नीति तर्जुमा गर्न लागेको प्रति अध्यक्ष राउतले खेद व्यक्त गरे। उनले जनताको राजनीतिक अधिकार र श्रमजीवि पत्रकारहरूको पेशागत हकहितका साथै साना लगानीका मिडियाहरूको संरक्षण र सम्बर्द्धनका लागि संघर्षका प्रक्रियाबाट संगठन अगाडि बढ्ने बताए। अध्यक्ष राउतले नेपाल पत्रकार महासंघ अब एउटै पार्टीको भातृसंगठनमा परिणत हुन लागेको चर्चा गर्दै महासंघको साझा र छाता चरित्रका लागि सरोकारवाला अन्य संगठनहरूबीच गम्भीर विमर्शको खाँचो रहेको औल्याए।

क्रान्तिकारी पत्रकार महासंघ ३ नं. प्रदेशको फ्याक्सन इन्चार्ज समेत रहेका क्रान्तिकारी माओवादीका केस हरिकृष्ण गजुरेलले श्रमजीवि पत्रकारहरूका पेशागत मुद्दाहरू मुलुकमा जनवादी क्रान्ति पूरा नहुँदासम्म समाधान नहुने भएकाले पेशागत मुद्दासँगै नयाँ जनवादी क्रान्तिका निम्ति आफ्नो भूमिकालाई प्रभावकारी रूपमा अगाडि बढाउनु पर्ने आवश्यकतामाथि जोड दिए।

विधुर ढकालले सञ्चालन गरेको कार्यक्रमको अध्यक्षता रनसुर महतराले गरेका थिए भने स्वागत मन्तव्य सागर श्रेष्ठले गरेका थिए। भेलामा ३ नं. प्रदेशका अधिकांश जिल्लाबाट प्रतिनिधिहरूको सहभागिता रहेको थियो। भेलाले रनसुर महतराको नेतृत्वमा २१ सदस्यीय प्रदेश कमिटि निर्वाचित गरेको छ।

# अनूदित निबन्ध : बत्तिमुनि टिपेका केही विचारहरू

गणतन्त्रको दोस्रो वा तेस्रो वर्षतिर बेजिङका केही राष्ट्रिय बैंकहरूले निकालेका नोटहरूको विश्वसनीयता दिनदिनै बढ्दै गइरहेको भनुँ झन्-झन् दरिलो हुँदै गइरहेको बेला मैले के कुरा सुनें भने सँधैभरी चाँदीको मोहमा परेका गाउँलेहरूले समेत ती नोटहरू कति सजिला र पत्यारिला थिए भन्ने कुरो बुझे र ती नोटहरू लिन र तिनको प्रयोग गर्न खुशी भए । 'विशेष बुद्धिजीवीहरू'को विषयमा कुरा नगरौं, बढी विवेकी मानिसहरूको हकमा, उनीहरूले उहिले नै नचाहिँदो दुःख दिने, बोझिला, चाँदीका सिक्काहरू आफ्ना खल्तीभित्र बोक्ने कामलाई छाडिसकेका थिए । वास्तवमा चाँदीका लागि विशेष मोह वा भावना भएकाहरूलाई छाडेर, हरेकले बैंकका नोटकै, त्यसमा पनि बढ्ता मात्रमा चिनियाँ नोटहरूकै प्रयोग गरिरहेका थिए । तर अपशोच, एक्कासी एउटा गम्भीर अधोगति देखा पर्‍यो ।

युवान सि-काई बादशाह हुन खोजेको वर्षमा युनानमा विद्रोह शुरू गर्न साइङ्गो बेजिङबाट भाग्यो । त्यसका परिणामहरूमध्ये एउटा के कुरा भयो भने चीनका बैंक र घुम्ती बैंकहरूले नोटहरूको नगद भुक्तानी दिने कुरा रोके । बैंकहरूले ती नोटहरूलाई कुनै सम्मान नराखे तापनि सरकारले महाजनहरूलाई ती नोटहरूको चलनचल्तीका लागि अझै बलजफ्ती गर्‍यो र महाजनहरूसित पनि त्यस स्थितिअनुसार चल्ने आफ्नै तरिका थियो-ती नोटहरू लिन्नँ भनी भन्नुको साटो आफूसित साट्ने कुनै बस्तु नै छैन भनी उनीहरूले भने । पचास या सय डलरका नोटहरू लिएर तपाई बजारमा जानुभयो भने के हुन्थ्यो होला मलाई थाहा छैन, तर तपाईलाई एउटा कलम वा एक बट्टा चुरोट मात्रै चाहिन्छ भने तपाई त्यतिका लागि सिंगै डलर त खर्च गर्न सक्नुहुन्न, सक्नुहून्छ त ? यो त एक जनाको विचार वा झुकावको विपरीत जाने मात्र कुरा भएन । वास्तवमा कसैसँग पनि त्यतिका नोटहरू हुँदैनन् । त्यसपछि तपाईले घटाइएको दरमा समेत, तामाका पैसामा नै साट्न खोज्नुहुन्छ भने पनि सबै पसलेहरूले के भन्छन् भने तिनीहरूसित तामाका पैसा पनि छैन । तपाई आफ्ना साथीहरू र नातेदारहरूसित पैंचो लिन जानुभयो भने उनीहरूसँग पनि नोटहरूबाहेक अरू हुँदैनन् । यसरी जनताले आफ्नो स्तरलाई ओराले, देशभक्तिका विषयमा कुरा गर्न छाडे र विदेशी बैंकहरूले निकालेका नोटहरू पाउन खोजे । अहिले ती नोटहरू (विदेशी बैंकले निकालेका) नगदसरह हुन्छन् र कसैलाई पनि तपाई ती नोटहरू दिनुभयो भने उनीहरूले तपाईलाई साँच्चैका चाँदीका डलरहरू दिनेछन् ।

त्यसबेला मेरो खल्तीमा चीनको बैंक र घुम्ती बैंकका त्यस्तै ३०४० डलर (नोटहरू) भएको कुरा म सम्झन्छु तर म एक्कासी भोकले टोलाएका आँखा भएको मगन्ते भएँ र त्रासमा परें । मलाई के लाग्छ भने त्यस बेला मेरो मनमा उब्जेका भावनाहरू रूसी क्रान्तिपछि आफ्नो सबै सम्पत्ति रूसी नोटका रूपमा भएका धनी मानिसहरूका मनमा उब्जेका भावनाहरू जस्तै थिए होलान् वा अझ भनुँ ठयाम्मै उस्तै थिए होलान् । ती नोटहरू कम दरमा नै चाँदीका पैसाहरूमा साट्न सकिन्छ कि भनी सोध्दा त्यसको कुनै भाउ नै छैन भन्ने मैले सुनें । तर खुशीको कुरा के भने नोटमा छापिएको मूल्यको साठी प्रतिशतभन्दा अलि बर्ता दरमा तपाईले आखिरमा त्यो खुशीसाथ साट्न सक्नुहुन्थ्यो । म ज्यादै खुशी भएँ र झन्डै मेरो जीउ जतिकै भारी भइरहेको मेरो खल्तीका मेरा सबै नोटहरू चाँदीका पैसाहरूमा मैले साटें । हुन त स्थिति सामान्य भएको भए म सराफीहरूबाट एउटा तामाको पैसो पनि काम लिन्नथें ।

तर ढुक्क भएर जसै मैले चाँदीको थैलो खल्तीमा राखें र म खुब खुशी भएको थिएँ, त्यसैबेला मेरो मनमा एक्कासी एउटा विचार चढ्यो -हामीहरूलाई कमारो हुनु र कमारोपनामा खुशी मनाउनु कस्तो सजिलो रहेछ त,

'मानिसहरूलाई मानिसजस्तो सम्झेर व्यवहार नगर्ने' र मानिसलाई भन्दा कम मात्र होइन अझ गाईगोरूलाई भन्दा पनि तल राखेर धूलोसरी सम्झने यस्ता निरंकुश शासकहरू छन् जसले गर्दा मानिसहरू गाइगोरूसित पनि डाह गर्छन् र 'दुःखको बेलाका मानिसहरूको मोल शान्तिको बेलाको कुकुरको जतिको पनि हुँदैन' भनी रून्छन् । यही आधारमा शासकहरूले जनतालाई गोरू वा घोडासरह अभः तल्लो कोटिमा राखेर व्यवहार गर्छन्, दृष्टान्तका लागि, युवान राजवंशमा (१२७११-१३६८) एउटा कानुन निस्क्यो र त्यस मुताविक एकजना कमारो मारियो भने उसको मालिकले मुआब्जाका रूपमा एउटा गोरू दिनुपर्थ्यो । यसले गर्दा सबै नागरिकहरू सुखी र सन्तुष्ट हुनेछन् र तिनीहरूले त्यस्तो जाति र शान्तिपूर्ण शासनको बखान गर्नेछन् । किन ? किनभने मानिसलाई मानिससरह नमानिए तापनि उनीहरू कमसेकम गोरूसरह त मानिए ।

हामीहरूलाई चौबीस इतिहासहरूको शाही संस्करणहरूको अध्ययन गर्नुपर्ने खाँचो छैन । न हाम्रो आध्यात्मिक सांस्कृतिक प्रतिष्ठाका लागि अनुसन्धानका संस्थाहरूमा जानु नै खाँचो पर्दो छ । हामीले राख्नुपर्ने त खाली केटाकेटीहरूको संक्षिप्त इतिहास हो, वा यो पन अति हुन्छ भने समय क्रमानुसारका सूचीहरू उल्लेख गर्नु हो र यो 'तीन हजारभन्दा बर्ता पुरानो संस्कृति भएको प्राचीन भूमि' जसबारे इतिहासहरूमा त्यत्रो गन्थन गरिएको थियो, यसभन्दा बर्ता केही होइन भन्ने कुरा हामीले देख्नेछौं र अझै स्कूलका लागि भर्खरै सँगालिएका इतिहास भनाउँदा किताबहरूमा यो कुरा त्यति प्रष्ट गरी राखिएको छैन । तिनमा खाली के कुरा भनिएको जस्तो छ भने हामीहरूलाई जहिले पनि राम्ररी व्यवहार गरिएको छ ।

जेहोस्, तथ्य कुरो के भने चिनियाँ जनता कहिल्यै आफूलाई मानिससरह गनिन लगाउनुमा सफल भएका छैनन् । खाली कमारासरह गनिनुमा मात्र ती सफल भएका छन् र यो कुरा आज पनि साँचो छ । साँच्चै भन्ने हो भने धेरै अवस्थाहरूमा हामीहरू कमाराहरूभन्दा पनि नजाति छौं । चिनियाँ जनता तटस्थ छन् । लडाइँमा उनीहरू कसको पक्षमा छन्, उनीहरूलाई थाहा हुँदैन । जे भए पनि यसबारे थाहा हुनु र थाहा नहुनुमा कुनै भिन्नता रहँदैन । विद्रोहीहरू आउँदा जनतालाई सरकारका मातहतका भनी ठानिन्छन्, त्यसले तिनीहरू जनतालाई मार्छन् र उनीहरूको सम्पत्ति लुट्छन् । सरकारी फौज आएपछि तिनीहरूले त जनतालाई आफ्नै ठान्नुपर्थ्यो तर त्यसबेला पनि उनीहरूलाई विद्रोहीका पक्षमा लागेका भन्ठानेर मार्छन र उनीहरूका चीजबीज लुट्छन् । यस्तो बेलामा जनता आफूलाई आफ्नो प्रजाझैं, यो त अति हुन सक्छ, भनुँ कमसेकम आफ्ना गाईगोरू जति ठानेर व्यवहार गर्ने कुनै मालिक पाउनाका



लुसुन

लागि चाहना गर्न थाल्छन् । कसैले उनीहरूसँग कुनै मालिक पाउनाका लागि चाहना गर्न थाल्छन् । कसैले उनीहरूसँग कुनै बाटो लाग्ने भन्ने कुरो सोधे भने उनीहरूले खुशी भएर गाईगोरू जस्तै भएर चल्न खोज्छन् ।

उनीहरूका लागि निर्णयहरू गरिदिने अर्थात् कमाराहरूका लागि कानुनहरू बनाइदिने कोही भइदियो भने त्यो त असीम शाही निगाह नै हुनेछ । दुःखको कुरो के भने प्रायः यसो गर्नेहरू हुँदैनन् । जस्तैः पाँच जाति र स्रोह राज्य, हाङ चावको विद्रोह, पाँच वंशहरू, सुङको अन्त र रूवान राजवंशहरूको अन्तताका प्रचलित बेगारी र अन्न करका साथसाथै अरू पनि नचिताइएका दुःखहरू थिए । चाङ चिन चुङ अझ बर्ता लहडी थियो । उसले बेगारी काम नगर्ने र कर तिर्न नमान्ने जातिलाई र अझ बेगारी काम गर्ने र कर तिर्नेहरूलाई समेत मार्‍यो । उसले आफ्नो विरोध गर्ने र उसका अगाडि घुंडा टेक्ने सबैलाई मार्‍यो । त्यसैले उसले कमाराका लागि बनेका सबै नियमहरूलाई समेत च्यातचुत पारेर मिल्काइदियो । त्यसपछि जनताले पुराना होस् वा नयाँ उनीहरूका नियमहरूमा बर्ता ध्यान दिने खालका मालिकहरू पाउनाका लागि चिताउन थाले किनभने नियमहरू रहुन्जेल तिनले फेरि कमारासरह आफ्ना सुरूङभित्र घुम्न समर्थ तुल्याइदिन्छन् ।

'एक सूर्य, तँसितै मैले मासिनु परे पनि तेरो चाँडै नाश होस्' यो त रिसले भरिएको कुरो मात्र हो । धेरैजसो मानिसहरू साँच्चै नै त्यति साह्रो भन्दैनन् । तथ्य कुरो के भने सधैंझैं एउटा निकै भ्रमको अवधिपछि, लुटमार व्यापक हुँदा, कुनै त्यो भन्दा बलियो, चलाख र धूर्त नेता वा विदेशी त्यस भूमिलाई आफ्नो हातमा लिन र राम्ररी शान्ति व्यवस्था स्थापित गर्न देखा पर्छ । उसले बेगारी, अन्न करको तिरो, लम्पसार परेर ढोग्ने वा सरकारको बखान गर्ने नियमहरू बनाउँछ र ती नियमहरू आज हाम्रो जस्तो फेरिँदै जाने नभई सधैभरी उहीका उही रहिरहन्छन् । अनि त्यहाँ 'व्यापक खुशीयाली हुन्छ' र चलेको भनाई प्रयोग गर्ने हो भने 'सारा संसचार शान्तिमय' हुन्छ ।

तर ती महानता प्रेमी विद्वानहरूका बाक्यांशहरू जतिसुकै राम्रा भए तापनि र तिनीहरूले आफ्ना इतिहासहरूमा 'हानहरूको उत्थान', 'हान विस्तारको युग' वा 'हान पुनरूत्थानको युग' जस्ता ठूलठूला भावनाहरू जतिसुकै व्यक्त गरे तापनि हामीहरूले उनीहरूका प्रवृत्तिहरूलाई निक्कै राम्रा भनी बखान गर्दा उनीहरूको शब्द अलंकार पनि निक्कै अस्पष्ट छन् भन्ने कुरा हामीहरूलाई लागि हाल्छ ।

उहिलेका विद्वानहरूले 'असल शासनको बेला' र 'भ्रमैभ्रमको बेला' भनी भनेका अवधिहरू एकपछि अर्को गर्दै फन्फन्ती दोहोरिरहन्छन् । पछिल्ला प्रजाहरूको दृष्टिकोणअनुसार, विद्रोहीहरूले खाली आफ्ना 'मालिकहरू' का लागि बाटो बनाइरहेका मात्र थिए । त्यसैले त 'तिनीहरूले बुद्धिमान शासकका लागि बाटो खोलिदिए' भनी भनेको ।

हामीहरू सबै उहिलेका मानिसहरूसरह नै 'प्राचीन कालका असल रीतिथितिहरू' देखि जलिहे पनि सन्तुष्ट छौं त ? हामीहरू हालको अवस्थासित असन्तुष्ट भएका र तीन शताब्दी अघिका शान्तिपूर्ण दिनहरूमा फर्कने इच्छा गर्ने ती शास्त्रपन्थीहरू सरह नै छौं त ? वास्तवमा हामीहरू हालको अवस्थासित पनि सन्तुष्ट छैनौं तर यसको अर्थ हामीहरूले पछिल्तिर नै फर्कनुपर्छ भन्ने होइन किनभने अघिल्तिर पनि लम्कने बाटो छँदैछ । चीनको इतिहासमा थाहा नभएको र तेस्रो खालको अवधिको सिर्जना गर्नु आजका हाम्रा तन्नेरी जनताको कर्तव्य हो ।

तर बढीभन्दा बढी मानिसहरूले अझ विदेशीहरूले समेत चीनको पुरानो सभ्यताको बखान गरिरहेछन् । म धेरैजसो बोल के विचार गर्छु भने यता आउने कुनै विदेशीले घृणा गरेर आँखीभौं खुम्च्याउँछन् भनेर चीनप्रति घृणा व्यक्तत्याउँछन् भने मैले उसलाई मेरो भित्री मुटुदेखि धन्यवाद दिनुपर्छ ।

यसुके त्यसुरूमीले आफ्नो निबन्ध 'बेइजिङको आकर्षण' मा एक वर्ष बस्ने गरेर बेजिङमा आएको तर पाँच वर्षसम्म बसिसकेको र बेजिङ छोड्न नचाहने एक जना पश्चिमेतर्फ औल्याएको छ । एक दिन उनीहरूले सँगै भोज खाए ।

हामीहरू महोगनी काठको बाटुलो टेबुल वरिपरि बस्यौं । हामीहरूका लागि एकपछि अर्को गर्दै समुद्र र जमिनमा पाइने मीठामीठा खानेकुराहरू कहिल्यै नटुंगिने गरी थपिँदै थिए र हामीहरूले क्यूरियो, चित्रकला र राजनीतिबारे छलफल गर्न थाल्यौं । बिजुली बत्तीको मास्तिर चिनियाँ ढाँचाको बत्ति ढकनीले राम्ररी मिलाएर राखिएका पुराना चीजबीजहरूले सजाइएको कोठाभरी मधुरो प्रकाश फैलिएको थियो । सर्वहारासम्बन्धी विषयहरू त हावा जस्तै बहेर जाने जाबो कुरा लाग्यो ।

विदेशीहरूलाई त्यतिबिध्न लठ्याउने चिनियाँ वातावरणको त्यस आकर्षणबारे मैले गमें । मंगोलहरूले चीनमाथि विजय त पाए तर उता चिनियाँ जीवन पद्धतिको सौन्दर्यबाट तिनीहरू पराजित पनि भए । मन्चुहरूले पनि चीनलाई जिते तर तिनीहरू पनि चिनियाँ जीवन पद्धतिबाट जितिए । अहिले पच्छिमेहरूको उही गति छ । तिनीहरूले 'प्रजातन्त्र' र यस बाहेक अरू सबै विषयबारे कुरा गरे तापनि तिनीहरू पनि ६ हजार वर्षदेखि बन्दै आएको जीवनप्रणालीद्वारा लट्ठिएका छन् । बेजिङमा रहेको कसैले पनि यसको विशिष्ट आकर्षणलाई बिर्सन सक्दैन, न ठूलो आँधीले हजारौं फिटमाथि उडाइने धुलाले नै चिनियाँ जीवनप्रणालीको आकर्षणलाई नष्ट पार्न सक्छ, न हरेक तीन महिनामा युद्धसदरिहरूले लड्ने गरेका लडाइँले यसलाई ध्वस्त पार्न सक्छ ।

तर अझै मसँग उसलाई खन्डन गर्ने उपायहरू छैनन् । हाम्रा उहिलेका ऋषिमुनिहरूले पुराना कुराहरू जोगाउनका लागि हामीहरूलाई सिद्धान्तहरू दिएका थिए तर तिनीहरूले हामीलाई जित्नेहरूका लागि ठूलठूला भोजभतेर पनि तयार पारिदिएका थिए । जुन भतेरमा हाम्रा केटाकेटीहरू मारिन्थे र हाम्रो ढुकुटी रित्याइन्थ्यो । हामी चिनियाँहरू खुबै जोतिनेहरू हौं र हाम्रा धेरै केटाकेटीहरू छन् । यसरी ती भतेरहरूका लागि यी कुराहरूले चाहिने सामल जुटाइदिन्थे ।

अहिलेसम्म पनि हाम्रा देशभक्तहरूद्वारा यी गुणहरूको बखान गरिएको छ । पश्चिमाहरू पहिलोपल्ट चीनमा पस्दा तिनीहरूलाई असभ्य भनिन्थ्यो र स्वभावतः त्यो देखेर तिनीहरूले आफ्नो अनुहार न्याम्रो पार्थे । तर अहिले तिनीहरूका लागि हामीले तोवाहरू, नुचेनहरू, मंगोलहरू र मन्चुहरूको अघिल्तिर अघिसारेको सबभन्दा ठूलो भतेरको जोरजाम गर्ने बेला पनि आएको छ । तिनीहरू मोटरकारमा बसेर रक्षकहरूलाई लिएर डुल्न जान्छन् । अधिकारीहरूका लागि बाटो खुला गरिंदा तिनीहरू स्वेच्छापूर्वक जान पाउँछन् । तिनीहरूमाथि डाँका डालियो भने तिनीहरूले मुआब्जा पाउँछन् र डाँकु सुन माई यावले तिनीहरूलाई हेरेर लग्यो र उसले तिनीहरूलाई आफ्नो दलका अघिल्तिर उभ्यायो भने पनि सरकारी फौजले गोली चलाउने आँट गर्दैन ।

त्यसकारण तिनीहरूले दरबारका विशाल भवनहरूमा मीठा भोजभतेर खान्छन् भने यो फेरि कस्तो होला त? तिनीहरूले भोज खान पाएकाले नै चीनको प्राचिन सभ्यताको गुण गाउने भइहाले, तैपनि हाम्रा केही आशावादी देशभक्तहरू ती पश्चिमहरू हामीहरूद्वारा हाम्रो जीवनपद्धतिमा ढालिनेछन् भन्ने पत्यारमा दंग परेका देखिन्छन् । उहिलेकाहरूले लडाइँमा क्षणिक शान्तिपाउनका लागि आइमाईलाई प्रयोग गर्थे र उनीहरू आफैले यसलाई 'बिहेबाट हुने शान्ति' को सुन्दर नाउँ दिएर आफैलाई झुक्याउँथे । हामी आधुनिकहरू पनि अझै आफ्ना छोराछोरी र ढुकुटी चढाएर यसलाई 'चिनियाँकरण'को सुन्दर नाउँ दिन्छौं । त्यसकारण भोजभतेरमा जानपाएका तर अचेलको चीनलाई सराप्ने ती विदेशीहरू मात्र साँच्चै नै असल र लायक मानिसहरू हुन् ।

तर हामीहरू उहिले नै भलाट्टी र सर्वसाधारण, ठूला र साना, माथिका र तल्ला गरी सबै तम्तयार भइसकेका छौं । मानिसहरू अरूहरूबाट थिचिन र मिचिन सक्छन् तर तिनीहरूले पनि त अरूहरूलाई थिचोमिचो गर्न सक्छन् । तिनीहरू आफै खाइन सक्छन् तर तिनीहरूले पनि त अरूलाई खान सक्छन् । यस्तो खालको थिचोमिचोको व्यवस्थाले गर्दा, जनता हलचल गर्न सक्दैनन् । र वास्तवमा उनीहरू यसो गर्न पनि चाहँदैनन् ।

यसरी हामीहरू आज पनि सबै किसिमका भोजभतेरहरू देख्न सक्छौं -विभिन्न चीजबीज राखी पकाएको झोल र माछा, चिनियाँ खाना र पच्छिमे खाना । तर छाप्राहरूमा निस्तो भात मात्र खाइन्छन् र माग्नेहरू सडकमै किनारमा बसेर रोटीका टुक्राहरू टोक्छन् र मुलुकभरका मानिसहरू भोकभोकै मर्दैछन् । धनी र शक्तिशाली मानिसहरू बेपर्वाहसित खर्च गर्दै मिठोमिठो खाएर मज्जा गर्छन् र उता आधापेट भर्न नपाएका केटाकेटीहरू जाबो आठ वटा तामाका पैसामा बेचिन्छन् (नौलो सिंहावलोकनको २१ अंक हेर्नुस) । हाम्रो उच्च चिनियाँ सभ्यता धनी र शक्तिशालीहरूका लागि तयार पारिएको मान्छेको मासुको भोज मात्र हो र चीनचाहिं त्यो भोज जोरजाम गर्ने चुलो हो । यो कुरा नबुझेर चीनको बखान गर्नेहरू क्षम्य छन् तर अरूहरूचाहिं त सधैभरीका लागि निन्दा गरिनयोग्य छन् ।

यो कुरा नबुझेर हाम्रो बखान गर्ने विदेशीहरूलाई क्षमा गर्न सकिन्छ र यसरी नै माथिल्ला ओहदामा पुगेर भुँडी लाग्ने गरी खान पाएका हुनाले गोब्बरे गिदी भएका र अन्धो भएकाहरूलाई पनि क्षमा नै गर्न सकिन्छ । तर यस बाहेक अरू दुई किसिमका मानिसहरू पनि छन् । एक थरीले के कुवरा भन्छन् भने चिनियाँहरू निम्तस्तरका जाति हुन् जुन हालको स्थितिबाट बढी राम्रो स्थितिमा पुर्याउन लायकका छैनन्, त्यसकारण जानाजानी उनीहरू चीनका पुराना कुराहरू कायम राख्नाका लागि सिफारिस गर्छन् । अर्को थरीचाहिं आफ्नो भ्रमणलाई बढ्ता चाखलाग्दो र रमाइलो पार्नका लागि संसारको प्रत्येक मुलुक एक अर्काबाट फरक देखियोस् भन्ने चाहन्छन् । तिनीहरू चीनमा टुपी भएका मानिसहरू देख्न चाहन्छन्, जापानमा काठे जुत्ताहरू र कोरियामा बाँसका टोपी लगाएका मानिसहरू हेर्न चाहन्छन् । हरेक कुरो उस्ताउस्तै देखियो भने तिनीहरूलाई वाक्कलाग्दो हुनेछ । त्यसकारण तिनीहरू एसियालाई पश्चिमा ढाँचा ढाल्ने कुराको विरोध गर्छन् । यी दुवै थरीका मानिसहरूको निन्दा गरिनुपर्छ । बर्टाड रसेलको हकमा पश्चिमा तालमा देबदारू काठको मेच ओसारिरहेकाहरूले उनलाई देखेर हाँस्दा उनले चिनियाँहरूको बखान गरेथे, उनी अर्कै कारणबाट प्रभावित भएको हुन सक्छ तर मेच ओसार्नेहरू आफूले पाएको ज्यालामा यसरी मुसुमुसु हाँस्ने काम रोक्न सकेका भए निक्कै अघि नै चीन हालको जस्तो नभई अर्कै चीन भइसक्थ्यो होला ।

यस्ता सभ्यताबाट लिनेहरू खाली विदेशीहरू मात्र होइनन्, प्रत्येक चिनियाँ पनि लिएर मुसुमुसु हाँसिरहेछ । किनभने प्राचीन कालदेखि एक पुस्ताले अर्को पुस्तालाई सुम्पेको यस व्यवस्थाले मानिसहरूलाई एकअर्काबाट बेग्ल्याइदिएको र पराई बनाइदिएको छ । उनीहरू एक अर्काको दुःख बुझ्न सक्दैनन् र प्रत्येकले अरूलाई कमारो बनाउने र अर्कोलाई खाने कुरा चिताउन सक्ने भएकाले उसले के कुरा बिर्सिदिन्छ भने ऊ आफै पनि कमारो बनाइन सक्छ र खाइन सक्छ । यसरी सभ्यताकोउदयदेखि मान्छेको मासुको भतेरहरूको साना ठूला अनेको जोरजाम गरिएको छ र मानिसहरू ती भतेरहरूमा अरूलाई खान्छन् र आफू पनि खाइन्छन् तर स्वास्नीमान्छेहरू र केटाकेटीहरूको कुरा नगरौं, निर्धाहरूको पीडित चिच्चाहटहरू त ज्यानमाराहरूको अचेतन हल्लीखल्लीमा त्यसै बिलाएर जान्छन् ।

आज पनि मानिसको मासुको भतेरको जोरजामा हुँदैन र निक्कै मानिसहरू भतेर लगाइरहन खोज्छन् । त्यसता मान्छे खानेहरूलाई बढार्ने, भतेरहरूलाई भताभुंग पार्ने र त्यो चुलोलाई भत्काउने काम आजका तन्नेरीहरूले सबभन्दा गर्नुपर्ने काम हो ।

## कविता

### उल्टो घडी



● कृष्णभक्त महर्जन 'कगेन्द्र'

सुन्दैमा अनौठो लाग्ने
चलिरहन्छ उल्टो घडी
व्यक्तिवादीहरूको चलन
दायाँबाट बायाँ घुम्ने
उल्टो घडी ।
पृथ्वीको घुमाइ पनि उही
घडीको घुमाइ पनि उही
खाल्टोमा घाम नलाग्ने गरी
दायाँबाट बायाँ घुम्छ
उल्टो घडी ।
प्रकृति चक्रको नियम
समय चक्रको नियम
डाँडामा पानी नआउने गरी
दायाँबाट बायाँ घुम्छ
उल्टो घडी ।
नासा भन्छ बायाँ घुम्छ
व्यक्ति भन्छ दायाँ घुम्छ
जीवन चक्रको बाजागाजा
जस्तै
दायाँबाट बायाँ घुम्छ
उल्टो घडी ।
एकबाट हजार घुम्छ
ज्ञान, कलमको स्वाद छैन
साझाबाट सिंगल बन्दै
दायाँबाट बायाँ घुम्छ
उल्टो घडी ।
सुल्टो घुमाउन खोज्छु
उल्टो घुम्छ
उल्टो घुमाउन खोज्छु
सुल्टो घुम्छ
उल्टो घडी ।
अरूको उल्टो, आफनो सुल्टो
विद्वानबाट कायर बन्ने गरी
पाइलटलाई जति सिकाउ
दायाँबाट बायाँ घुम्छ
उल्टो घडी ।
विचित्रको थुतुनो बोल्छ
चापागाउँमा पापा खाँदा
मरे पनि, बाँचे पनि
दायाँबाट बायाँ घुम्छ
उल्टो घडी ।
आफै आफै गनगनाउँछ
अरूलाई सुँघ्दै हिंडिरहने
कुहिरोमा काग रूमलिए झैं
दायाँबाट बाँया घुम्छ
उल्टो घडी ।
अरूअरू काम गर्दै हिंड्छ
अनि छाबिन गरिरहने
लुटखोरको काकाकुलीले
दायाँबाट बाँया घुम्छ
उल्टो घडी ।
याद र वाद भुल्न सक्छ
सुखीबाट दुखी बन्दै
बोकाको काँधमा राँगो चढे झैं
दायाँबाट बाँया घुम्छ
उल्टो घडी ।
गुलियो होइन, तितो हुन्छ
गल्ती करेलाको होइन,
महलबाट झुपडी फर्के झैं
दायाँबाट बाँया घुम्छ
उल्टो घडी ।
व्यक्तिको सोंचभन्दा फरक छ
जहिले पनि चल्छ उल्टो
संसारको चलन नै
दायाँबाट बाँया घुम्छ
उल्टो घडी ।

## मार्क्सवादी...

१८८३ मार्च १७ तारिख शनिवारका दिन लण्डनको हाइगेट चिहानमा मार्क्सको शव गाडियो, जहाँ जेनी मार्क्सको अस्तु पनि राखिएको थियो ।

अप्रिल १८४१ मा मार्क्सले भियना विश्वविद्यालयबाट दर्शनशास्त्रमा डाक्टरी (विद्यावारिधी) प्राप्त गर्नु भएको थियो । डेमोक्रेटिक प्रकृति दर्शन र एयकुलरको प्रकृति दर्शनबीचको विषयमा मार्क्सले थेसिस लेख्नु भएको थियो । सन् १८४२ नोभेम्वरमा क्लोनस्थित राइन ९च्जष्भष्लकअजभ शभष्तगलन० पत्रिकाको कार्यालयमा मार्क्स र एंगेल्सका बीच पहिलो पटक भेट भयो । त्यतिवेला मार्क्सले राइन पत्रिका (Rheinische Zeitung) र नयाँ (Rheieinicehe zeitung) को सम्पादकत्व गर्नु हुन्थ्यो ।

मार्क्सलाई ग्रिक, ल्याटिन, जर्मनी र अंग्रेजीको उत्कृष्ट ज्ञान थियो भने इटालियन र स्पेनिस भाषामा लेख्न र पढ्न सक्नु हुन्थ्यो । अभाव र गरिवीका कारण मार्क्सका छोराछोरीहरूले अकालमै मृत्युवरण गर्न पुगेका थिए । सन् १८५० मा सानो छोरा गिदो, सन् १८५२ मा साहिँली छोरी फ्रान्चिस्का (१ वर्षको उमेरमा) सन् १८५५मा जेठो छोरा एडगार (८ वर्षको उमेरमा) र सन् १८८३ मा जेठी छोरी जेनी (३८) वर्षको उमेरमा मृत्यु भएको थियो ।

सन् १८८१ डिसेम्वर २ का दिन मार्क्सको जीवनसंगिनी जेनी मार्क्सको पनि मृत्यु भएको थियो । कार्ल मार्क्स सर्वहारावर्गको महाने सिद्धान्तकार हुनुहुन्छ । कार्ल मार्क्स मार्क्सवादका प्रतिपादक हुनुहुन्छ । उहाँले जुन मार्क्सवादको प्रतिपादन गर्नु भयो, त्यो विश्व इतिहासमा एउटा युगान्तकारी परिघटना थियो । त्यसले विश्व कम्युनिष्ट आन्दोलनलाई अगाडि बढाउनका लागि साम्यवाद प्राप्तिको संघर्ष गर्नका निम्ति सैद्धान्तिक राजनीति र साँगठनिक रूपले उत्प्रेरित हुन गयो ।

सन् १८४७ मा लण्डनमा सम्पन्न कम्युनिष्ट लिगको दोस्रो महाधिवेशनले कार्ल मार्क्स र फ्रेडरिक एंगेल्सलाई कम्युनिष्ट घोषणापत्रको मस्यौदा लेख्ने जिम्मेवारी सुम्प्यो । मार्क्स-एंगेल्सले एक वर्ष लगाएर कम्युनिष्ट पार्टीको घोषणापत्र तयार पार्नु भयो र सन् १८४८ फेब्रुअरी १२ तारिखका दिन लण्डनबाट मार्क्स एंगेल्सद्वारा कम्युनिष्ट घोषणापत्र जारी गर्नु भयो । त्यसपश्चात् विश्व सर्वहारावर्गले मार्क्सवादका रूपमा, मार्क्सवादी दर्शनको रूपमा आफ्नो मुक्तिको सैद्धान्तिक अस्त्र प्राप्त भयो । यस विषयमा स्वयम् मार्क्स-एंगेल्स संकलित रचनाहरू भाग ३, पृष्ठ १२ मा "जसरी दर्शनले सर्वहारा वर्गमा आफ्नो भौतिक हतियार प्राप्त गर्दछ, त्यसरी नै सर्वहारावर्गले दर्शनमा आफ्नो बौद्धिक हतियार प्राप्त गर्दछ ।" दर्शनका विषयमा मार्क्सले "प्रत्येक सच्चा दर्शन आफ्नो समयको बौद्धिक सारतत्व हो" भन्नु भएको छ ।

मार्क्सवाद र मार्क्सवादी दर्शनमा सर्वहारावर्गले संसारलाई ठिकसित बुझाउने र त्यसलाई फेर्ने एक अचूक बौद्धिक अस्त्रका रूपमा भेटाएको सन्दर्भमा यसको महत्वबारे आफ्नो संकलित रचनाहरू भाग १९, पृष्ठ २५ मा लेनिनद्वारा लेखिएको छ, "माक्सको दर्शन एउटा यस्तो परिपूर्ण दार्शनिक भौतिकवाद हो, जसले मानव जातिलाई र खास रूपले मजदुरवर्गलाई ज्ञानका शक्तिशाली औजारहरू प्रदान गरेको छ ।"

वास्तवमा मार्क्सको दर्शन सर्वहारावर्ग र त्यसका राजनीतिक तथा सैद्धान्तिक प्रतिनिधिहरूको हातमा एउटा प्रभावशाली र शक्तिशाली हतियार साबित भइसकेपछि त्यसमा द्वन्द्वात्मक भौतिकवाद भनिएको उक्त दर्शन सम्पूर्ण मार्क्सवादी सिद्धान्तको आधार बन्न पुगेको सन्दर्भमा मार्क्सवादको दार्शनिक पक्षको महत्वलाई कमरेड माओले आफ्नो चुनिएका रचनाहरू, अंग्रेजी संस्करण, भाग ५, पृष्ठ १६० मा अगाडि लेख्नुहुन्छ, "मार्क्सवाद ज्ञानका अनेक शाखाहरूबाट बनेको छ : मार्क्सवादी दर्शन, मार्क्सवादी अर्थशास्त्र र मार्क्सवादी समाजवाद अर्थात् वर्ग संघर्षको सिद्धान्त तर जगचाहिँ मार्क्सवादी दर्शन हो । यदि यसलाई मनन् गरिएन भने हाम्रो एउटा साझा भाषा वा साझा तरिका हुने छैन, हामी चीजहरूलाई स्पष्ट नपारिकन यताउताको कुरा उठाई तर्कमात्र गरिहेका हुनेछौं । द्वन्द्वात्मक भौतिकवादलाई मनन् गरिसकेपछि, थुप्रै दुःखकष्टबाट जोगिने छ र धेरै गल्तीहरू हट्नेछन् ।"

मार्क्स-एंगेल्सद्वारा कम्युनिष्ट घोषणापत्र जारी भएपश्चात् तत्कालीन दुनियाँमा हलचल पैदा गरि दियो । यस विषयमा कम्युनिष्ट घोषणापत्रको सुरूमै मार्क्सले लेख्नुभएको छ-

"युरोपमा एउटा हाउँ घुमफिर गरिरहेको छ- साम्यवादको हाउँ । यस हाउँलाई धपाउन भनेर पोप र जार, मेटर्निख र गीजो, फ्रेन्च उग्रवादी र जर्मन पुलिस अर्थात् पुरानो युरोपका सारा सत्ताधारीहरू एक भएका छन् ।

कुन यस्तो विरोधी पार्टी छ, जसलाई सत्ताधारीहरूले कम्युनिस्ट भनी बद्नाम नगरेको होस् ? कुन यस्तो विरोधी पार्टी छ, जसले आफूभन्दा धेरै प्रगतिशील विरोधी पार्टीहरूलाई र आफ्ना प्रतिक्रियावादी विरोधीहरूलाई समेत कम्युनिस्ट भएको घृणित आरोप नलगाएको होस् ?

तथ्यबाट दुई कुरा प्रष्ट हुन्छ । युरोपका सारा सत्ताधारीहरूले साम्यवादलाई अब एक शक्ति मानिसकेका छन् । अब कम्युनिस्टहरूले सम्पूर्ण संसारको अगाडि आफ्ना विचारहरू, आफ्ना उद्देश्यहरू, आफ्ना प्रयासहरू खुलस्त बताउनुपरेको छ र साम्यवादको हाउँसम्बन्धी दन्त्यकथाको सट्टामा पार्टीको आफ्नो घोषणापत्र प्रस्तुत गर्नु परेको छ ।"

(कार्ल मार्क्स-फ्रेडरिक एंगेल्स, संकलित रचनाएं (हिन्दी) तीन खण्डोंमे, खण्ड १, भाग १, पृष्ठ १२९, प्रगति प्रकाशन, मास्को) ।

विश्वविख्यात कम्युनिष्ट घोषणपत्रको मस्यौदा तयार पारेर जसरी घोषणा समेत स्वयं मार्क्स-एंगेल्स गरेर मार्क्सवाद र मार्क्सवादी दर्शनका क्षेत्रमा मार्क्स-एंगेल्सले ज्यादै महत्वपूर्ण र अतुलनीय योगदान गर्नु भयो ।

मुख्यतः कार्ल मार्क्स र फ्रेडरिक एंगेल्स दुवैको संयुक्त प्रयासबाट मार्क्सवादको प्रतिपादन भयो । यस विषयमा लेनिनले अगाडि लेख्नु हुन्छ, "मार्क्सवाद मार्क्सका विचारहरू र उनको शिक्षाको व्यवस्थित श्रृंखला हो । उन्नाइसौं शताब्दिमा मार्क्सवादका तीन संघटक तत्वको उल्लेख गर्दै संसारका तीन अधिकतम उन्नत देशहरूमा पैदा भएका तीन मुख्य विचारधाराहरू शास्त्रीय जर्मन दर्शन, शास्त्रीय अंग्रेजी राजनीतिक अर्थशास्त्र र सामान्य फ्रान्सेली क्रान्तिकारी शिक्षाहरूसँग संलग्न फ्रान्सेली समाजवादलाई मार्क्सले अगाडि बढाउनु भयो र तिनलाई आफ्नो प्रतिभाले परिपूर्ण बनाउनु भयो ।" लेनिन, संकलित रचनाएँ, दश खण्ड मे खण्ड ५, पृष्ठ २६, प्रगति प्रकाशन, १९८२) । मार्क्सवाद सर्वहाराक्रान्तिको विज्ञान हो । द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद, अतिरिक्त मूल्यको सिद्धान्त वर्गसंघर्ष तथा इतिहासमा बलप्रयोगको भूमिका र वैज्ञानिक समाज साम्यवाद यसका आधारभूत मान्यता हुन् भन्ने कुरा विज्ञानद्वारा मार्क्सले निक्यौल गरेर, मार्क्सवाद तथा मार्क्सवादी दर्शनका क्षेत्रमा ठूलो योगदान पुऱ्याउनु भयो ।

## युगले...

र अनि जनसमुदायलाई शिक्षादीक्षा दिने तरिका हो । आफ्नो यो कर्तव्यलाई पालना नगरेर, आफ्नो स्पष्ट गल्तीलाई अति सावधानी, सूक्ष्मता र गम्भीरताकासाथ अध्ययन नगरेर क्रान्तिकारी पार्टीका क्रान्तिकारी कम्युनिष्टहरूले आफूहरू वर्गको पार्टी होइनन्, खाली गुट हुन्, आफूहरू जनसमुदायको पार्टी होइनन्, वुद्धिजीवी र वुद्धिजीवीवादको अवगुणहरू दोहोऱ्याउने केही मजदूरहरू किसानहरूको सानो डफ्फा मात्र हुन् भन्ने कुरा साबित गर्ने गरेको पाइन्छ ।

पार्टी संगठनमा यस्ता विभिन्न गैरसर्वहारा विचारहरू छन् जसले पार्टीको सही कार्यदिशाको कार्यान्वयनमा ठूलो बाधा हाल्छन् । यस्ता विचाारहरूलाई नसुधारेमा क्रान्तिकारी पार्टीले नेपालमा हामीले गर्न लागिरहेको महान् क्रान्तिकारी युद्ध (संघर्ष) माआफ्नो जिम्माका अभिभाराहरूलाई अवश्य पनि बहन गर्न सक्तैनन् । यस पार्टी संगठनमा भएका यस्ता गलत प्रवृत्ति र विचारहरूको स्रोत अवश्य पनि के तथ्यमा रहेको छ भने यसका आधार भूत इकाइहरूमा कतिपय व्यक्तिहरू किसानहरू र निम्न पुँजीवादी वर्गका अन्य तत्वहरू छन्, तर ती कायम रहनाको र बढनाको एउटा महत्वपूर्ण कारण केमा छ भने पार्टीका नेतृत्वकारी अंगहरूले जो गलत प्रवृत्ति विचारहरूका विरुद्ध योजनाबद्ध तथा दृढ संघर्ष चलाउन र पार्टीको सही कार्यदिशामा सदस्यहरूलाई शिक्षित पार्न नसक्नु जस्तो कमीकमजोरी रहिआएको छ । यस्ता गलत प्रवृत्ति र गलत विचारहरूलाई निरुत्साहित र निमिट्यान्न पार्नसक्ने क्षमता नेतृत्वकारी अंगहरूमा हुनुपर्छ । अन्यथा, यस्तो लोसे तालले पार्टी हाँक्न सकिदैन । यसलाई पूरै जिम्मेवारपूर्ण ढंग अपनाई सुधार्नु र सुध्रिनु जरुरी छ ।

क्रान्तिकारी पार्टीका हामी क्रान्तिकारी कम्युनिष्ट हौं भनी सैद्धान्तिक भाषणको रबाफ जमाउँदैमा सच्चा क्रान्तिकारी कम्युनिष्ट हुने होइन र सच्चा कम्युनिष्ट मान्न सकिदैन । सर्वहारा वर्गीय क्रान्तिकारी पार्टीको सच्चा कम्युनिष्ट बन्न चाहने हर व्यक्तिले जान्नु पर्ने र गम्भीर रूपले बुझ्नुपर्ने सार गर्भित विषय भनेको सर्वहारा वर्गको अग्रदस्ता (क्रान्तिकारी पार्टी) मा कसरी अनुशासन कायम राखिन्छ र जाँचिन्छ ? कसरी यस अनुसशासनलाई दरिलो पारिन्छ ? सबैभन्दा पहिले त सर्वहारा वर्गको अग्र दलको वर्ग चेतनाबाट र क्रान्ति प्रतिको उसको निष्ठा, उसको दृढता, आत्मबलिदान र वीरताबाट अर्को व्यापक श्रमजीवी जनसमुदायसँग, सबभन्दा पहिले त सर्वहारा वर्गसँग, त्यस्तै किसिमले गैरसर्वहारा श्रमिक समुदायसँग पनि आफ्नो सम्बन्ध जोड्ने यिनीहरूसँग सधै नजिकको सम्बन्ध बनाइ राख्ने र अझ तपाईलाई यिनीहरूसँग एकाकार हुने समेत यसको क्षमता र अर्को फेरि यस अग्रदलले दिएको राजनीतिक नेतृत्वको सहिपनद्वारा यसको राजनीतिक रणनीति र कार्य नीतिको सहीपनद्वारा आमजनताले आफ्नै अनुभवबाट यो रणनीति र कार्यनीति ठीक छ भन्ने बुझेको हुनुपर्दछ । सच्चा क्रान्तिकारी कम्युनिष्टहरूले कदापि यो कुरा भुल्नुहुन्न कि नेपालमा नयाँ जनवादी क्रान्ति पूरा भएको छैन । तसर्थ अहिले पनि नेपालमा नयाँ जनवादी क्रान्तिको चरणमा नै छ । नेपालमा पूर्ण जनवादी क्रान्तिको कार्यक्रममा यी कुराहरू समावेश छन् । बाहिरी रूपमा पूर्ण राष्ट्रिय मुक्ति प्राप्त गर्नका लागि साम्राज्यवाद, विस्तारवादको तख्ता - दलाल, नोकरशाही, पुँजीवादी तथा सामन्तवादी नेतृत्वको अर्ध सामन्ति, अर्ध/नवउपनिवेशिक, राज्यसत्ता) पल्टाउनु आन्तिरक रूपमा सहरमा दलाल वर्गको शक्ति र प्रभावलाई निर्मूल पार्नु, गाउँघर र देहातमा सामन्ती सम्बन्धहरूलाई खत्तम पार्नका लागि किसान आन्दोलन चर्काउँदै भूमिक्रान्तिलाई पूरा गर्न तथा ती जाली फटाहा युद्धपतिहरूको शासनसत्ता पल्टाउनु । यस्तो जनवादी क्रान्तिबाट गुज्रिसकेपछि नै हामी वैज्ञानिक समाजवादतर्फ संक्रमणका लागि वास्तविक जग बसाल्न सक्नेछौं ।

युगले सुम्पिएको यो क्रान्तिकारी राष्ट्रिय अभिभारा नयाँ जनवादी क्रान्ति पूरा गर्न सर्वहारा वर्गका अग्रदल नेकपा (क्रान्तिकारी माओवादी)ले वर्तमान सन्दर्भमा भएका विभिन्न जनआन्दोलन सशस्त्र संघर्ष र मुख्यतः जनयुद्धको आधार तथा अनुभव माथि ध्यान दिंदै नेपली विशेषतामा सशस्त्र जनविद्रोहको कार्यदिशा अबलम्बन गर्न भरपूर तरिकाले आवश्यक तयारीमा जुट्दै गत मंसीर १२-१७ मा बुटवलमा बसेको केन्द्रीय समितिको बैठकले तर्जुमा गरी ल्याएको क्रान्तिकारी कार्यक्रमलाई व्यावहारतः कार्यान्वयन गर्न ब्यापक जनसमुदायबीच कार्यकर्ताहरू परिचालन हुनु र गर्नु नितान्त जरुरी छ ।

अहिले देशमा चुलिंदै गइरहेको भ्रष्टाचार, कमिशनखोर , ढिलासुस्ती, हत्या, हिंसा, बलात्कार र अराजकता जस्ता जघन्य अपराधविरुद्ध प्रभावकारी ढंगले कानुनी कार्वाहीको दायराभित्र ती भ्रष्ट, अपराधी र दुष्टजनहरूलाई नियन्त्रण गरी नेपालमा शान्ति, सुरक्षाका साथै सुशासनको प्रत्याभूति दिनमा लाग्नु पर्ने वर्तमानका यी तथाकथित कम्युनिष्ट सरकार, उल्टै यिनीहरूलाई संरक्षण गर्न संरक्षणवादी नीति मुखरित गर्दै सिङ्गो नेपाललाई जर्जर पारिरहेको वर्तमान स्थितिमा नेकपा (क्रान्तिकारी माओवादी)को क्रान्तिकारी युवा लिग आफ्नो पार्टीले तयार गरी ल्याएको क्रान्तिकारी कार्यक्रमलाई आत्मसात् गरी देशको आवश्यकता र जनचाहनाअनुरूप क्रान्तिकारी जोश र जाँगरलाई समयसापेक्ष ढङ्गले, देशका भ्रष्टहरूको भङ्गालोमा पसी, ती भ्रष्ट व्यक्तिलाई कालो मोसो दली सशक्त जनकार्वाहीमा उत्रेर, उनीहरू जो देशद्रोही कुकर्मीहरूको त्यो स्वर्णिम दुनियाँमा ठूलो स्केलको भूकम्प ल्याइदिएको छ भने अर्कोतर्फ देशभक्त र राष्ट्रवादी, स्वाभिमानी तथा क्रान्तिकारी जनसमुदाय माझ क्रान्तिकारी तरंग उत्पन्न गराइदिएको छ ।

वास्तवमा भन्नुपर्दा यो एक प्रकारको क्रान्तिकारी युद्धको शंखघोष हो । यो शंखघोषलाई क्रान्तिकारी सचेतता साथ निरन्तरता कायम गर्न सिंगो पार्टीका अन्य संगठनहरू पनि पूरै जोश र जाँगरका साथ युद्धभूमि (संघर्षको मैदान) मा उत्रनु जरुरी छ र क्रान्तिकारीहरूको यो राष्ट्रिय दायित्व पनि हो । किनकि देशलाई चारैतिरबाट घेरी लुटको दुनियाँ कायम गरी ऐयूयासी जीवन यापन गर्दै आइरेको यो प्रतिक्रान्तिको माखेसाङ्लोलाई ध्वस्त पारी देश र जनताको मुक्ति र स्वतन्त्रताको निम्ति क्रान्तिकारीहरू, क्रान्तिकारी युद्धमा उत्रनु अनिवार्य शर्त हो र यसलाई अरु ढिलो गर्नु हुन्न ।

## स्विस बैंकमा...

स्विस बैंकमा जम्मा गरेका हुन् भन्ने पत्ता लगाउन नसकेपछि २०१६ अप्रिलमा सो मुद्दा खारेज गरेको थियो। बम्बई उच्च अदालतले भनेको छ, 'एचएसबीसी (स्विस बैंक) जेनेभाले उक्त ट्रष्टसँग सम्बन्धित खाताको विवरण उपलब्ध गराएको खण्डमा मात्र रकम जम्मा गर्ने स्रोतको बारेमा खुल्न सक्छ ।' खोपकेलाई आईसीआईजेबाट प्राप्त मेहताको व्यक्तिगत विवरणमा ग्राहकको प्रोफाइलसँग सम्बन्धित व्यक्तिको सूचीमा ह्वाइट सेडार इन्भेष्टमेन्ट लिमिटेड पनि छ । उसको नाममा ४ करोड ४८ लाख ६१ हजार १७१ अमेरिकी डलर स्विस बैंकमा जम्मा भएको भेटिएको छ ।

अरुणकुमार रामनिकलाल मेहताको नाता भारतका अर्बपति व्यापारी मुकेश अम्बानीसँग पनि जोडिन्छ । द इकोनोमिक टाइम्स मा प्रकाशित रिपोर्ट अनुसार, मेहताकी नातिनी श्लोका मेहताको विवाह मुकेश अम्बानीका छोरा आकाश अम्बानीसँग हुने तय भइसकेको छ ।

त्यस्तै गोविन्दभाई लालभिभाई ककडिया नाम गरेको व्यक्तिले स्विस बैंकमा २ हजार १८६ अमेरिकी डलर (२ लाख ३५ हजार ५१९) रूपैयाँ जम्मा गरेका छन् । सुजल, अरुण र गोविन्द तीनै जनाको ठेगाना पाटन, काठमाडौं लेखिएको छ। यही ठेगानाका भरमा स्विस बैंक र आईसीआईजेले उनीहरूले राखेको पैसालाई 'नेपालीले गरेको बचत' को सूचीमा राखेको देखिन्छ ।

तर, गुजरात, पाटनमा जन्मेका गोविन्दभाई लालभिभाई ककडिया भारतका प्रतिष्ठित सुन तथा हीरा व्यापारी हुन्। रजिष्ट्रार अफ कम्पनिज, इण्डियाका अनुसार भारतमा सुन र हीराको कारोबार गर्ने पाँच कम्पनीमा उनको लगानी छ। भारतमा हीराको कटिङ, प्रशोधन तथा उत्पादनमा अग्रपंक्तिमा रहको उनको कम्पनी हो, शीतल म्यानुफ्याक्चरिङ प्रालि ।

भारतको दैनिक पत्रिका इन्डियन एक्सप्रेस ले २०१५ को फेब्रुअरी महिनामा प्रकाशन गरेको एउटा समाचारमा ककडिया सामेल भएको शीतल ग्रूपले सन् २००६र०७ मा ९ हजार १०० अमेरिकी डलर स्विस बैंकमा राखेको खुलासा गरेको थियो। सो खातामा भएको रकमको लाभग्राही 'बेनिफिसियल ओनर' मा ककडिया र उनका तीन भाइको नाम छ । तर आईसीआईजेले नेपालअन्तर्गत उपलब्ध गराएको दस्तावेज अनुसार, उनको नाममा २००६र०७ मा २ हजार १८६ अमेरिकी डलर स्विस बैंकमा जम्मा भएको देखिन्छ ।

**के हो स्विस बैंक ?**

स्विट्जरल्यान्डमा सन् १८५४ मा 'स्विस बैंक कर्पोरेशन' का रूपमा स्थापित स्विस बैंकका शाखा ५० देशमा छन्। स्विस बैंकले आफ्नो बारेमा 'उच्चस्तरको गोपनीयता र कम स्तरको वित्तीय जोखिमको व्यवस्था गरेको' दाबी गरेको छ । आयस्रोत नखोजिने र लगानीकर्ताको विवरण सार्वजनिक नगर्ने भएकाले गैरकानूनी आर्जन यस बैंकमा जम्मा गर्न सहज मानिन्छ । स्विट्जरल्याण्डको अनलाइन पत्रिका स्विस इन्फो न्यूज डट सिएचका अनुसार, 'खासगरी सम्बन्धविच्छेद् (डिभोर्स), गम्भीर आपराधिक कार्य, बैंक टाट पल्टिंदा, अंशबन्डा गर्दा प्राप्त रकम यो बैंकमा मौज्दात गर्नु सुरक्षित मानिन्छ ।'

बैंकका अनुसार, विश्वका २०० भन्दा बढी देशका नागरिकको मौज्दात छ। बैंकले जुन कुनै प्रयोजनका लागि कुनै पनि निकायलाई खातावालको विवरण दिंदैन। तर, सन् २०१५ मा स्विस सरकार र युरेपियन युनियन (इयु) बीच भएको सम्झौता अनुसार 'असाधारण गोपनीयता अन्त्य गरी स्विट्जरल्यान्ड र अन्य युरोपियन मुलुकका खातावालहरूको विवरण माग भएमा आदानप्रदान गर्नुपर्ने' सम्झौता छ। सन् २०१५ मा आईसीआईजेले गरेको 'स्विस लिक्स'ले कर छली तथा आपराधिक क्रियाकलापबाट आर्जन गरिएको रकम समेत स्विस बैंकमा जम्मा गरेको तथ्य सार्वजनिक भएपछि ईयूले बैंकसँग यस्तो सम्झौता गरेको हो । तर यो सम्झौताले पनि स्विट्जरल्याण्ड र युरोपियन मुलुकसँग असम्बन्धित कारोबार र तीभन्दा बाहिरका मुलुकहरूको गैरकानूनी आर्जन त्यहाँ लुकाउन सकिने नै देखिन्छ ।

स्विस बैंकले 'तानाशाह, भ्रष्ट नेता, कर छली गर्ने व्यापारी, हतियार तथा लागूऔषध कारोबारीको रकम जम्मा गरी नाफा कमाउने काम गरेको' आईसीआईजेको दाबी छ । 'स्विस लिक्स' पछि स्विस बैंकले विश्वभर आलोचना खेप्नुपऱ्यो । केही मुलुकका नेताहरूको राजनीति नै धरापमा पर्यो। त्यसको प्रभावस्वरूप स्विस बैंकलाई पनि नियमनको दायरामा ल्याउने प्रयास ईयूले गर्यो। तर, अझै पनि स्विस बैंक खातावालाको विवरण आदानप्रदान गर्न चाहँदैन । स्विस बैंकर्स एशोसिएशनले तयार पारेको २०१५ को प्रतिवेदन अनुसार, यस बैंकको ६.५ ट्रिलियन डलर (६५ खर्ब अमेरिकी डलर) सम्पत्ति छ । प्रतिवेदन अनुसार, यसमध्ये ५१ प्रतिशत सम्पत्ति स्विट्जरल्यान्ड भन्दा बाहिरका देशहरूबाट लगेको हो ।

'स्विस लिक्स' पछि स्विट्जरल्याण्डको अदालतले स्विस बैंकका सूचनाप्रविधिमा काम गर्ने एक कर्मचारीलाई पाँच वर्षको जेल सजाय सुनाएको थियो। एर्वी फाल्चेनीले एक लाख ३० हजार खातावालको विवरण चुहाएको आरोपमा जेल सजाय पाएका हुन् । बेलायती समाचार संस्था 'रोयटर्स' ले जनाए अनुसार, फाल्चेनीलाई २०१८ अप्रिलमा स्पेनको बार्सिलोनाबाट पक्राउ गरिएको थियो। त्यहाँ उनी दुई महिना जेल बसे। तर, अदालतले स्पेनको कानून अनुसार फाल्चेनीलाई स्विट्जरल्याण्ड 'सुपुर्दगी' गर्न नहुने फैसला सुनायो । अहिले उनी जेलबाट छुटिसकेका छन् । उनीमाथि सन् २००८ देखि युरेपियन युनियनका विभिन्न राष्ट्रलाई स्विस खातावालाको सूचना दिने गरेको आरोप छ ।

*('स्विस लिक्स' इन्टरनेशनल कन्सोर्टियम अफ इन्भेष्टिगेटिभ जर्नालिष्ट (आईसीआईजे) र ले मन्डद्वारा सन् २०१५ मा एचएसबीसी प्राइभेट बैंक (स्विट्जरल्याण्ड) का दस्तावेजहरूमाथि गरिएको अनुसन्धानमा आधारित छ । आईसीआईजेले स्विस लिक्स प्रोजेक्टअन्तर्गत करीब ६० हजार दस्तावेजको विस्तृत अध्ययन गरेपछि एचएसबीसी बैंकका झन्डै एक लाख खाता र खातावालाहरूको विवरण फेला पारेको थियो । तीमध्ये धेरैजसो ग्राहक र खाताहरू सम्बन्धी डाटा सन् १९८९ देखि २००७ सम्मका थिए ।)*


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस्।

मितेरी यातायात एण्ड अटो प्रा.लि.

प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-५२२५२८१
पुष्प- ९८५१०४३३२८, ९८०४६११०६
बिक्की शर्मा गुरागाईं- ९८५११९५८९
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी- ९८५२०६०२५४
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस्।

रोयल बुईपा A/C जम्बो हाईस
गाईघाट–लहान–खुर्कोट हुँदै काठमाडौंसम्म

काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का – ९८४२८३७७९३
– ९८१७७१९६९७
ईन्द्र कट्टेल – ९८१८४१५२९०

गाईघाट सम्पर्क नम्बर
फोन नं. ०३५-४२१६४३
पुरुषोत्तम खनाल – ९८५२८३५६९०
– ९८१५७८४८७४

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस्।

हिमाल-तराई यातायात सेवा समिति

यहाँ काठमाडौंबाट सिन्धुली, बर्दियावास, ढल्के, जनकपुर, जलेश्वर, लालबन्दी, बयलवास, रामेछाप, मन्थली, च्यास्कु, भालुथोक, घुर्मी, बेतिनी, कटारी, गाइघाट, जयराम, हलेसी, दिक्तेल, मानेभञ्ज्याङ, ओखलढुंगा, सोलु, सल्लेरी, भीमान, मरिन, डकाहासम्मको टिकट पाइन्छ।

टाटासुमो बोलेरो
(रिजर्भ चाहिएमा)

| | |
|---|---|
| ०४७-५२११६९ | सिन्धुली |
| ९८४१०६०४९ | ढकाल बाजे |
| ९८६०१०२७३८ | विश्व |
| ९८४२५२३८५ | सानोभाइ |
| ९८४११०६९६७ | संजीव |
| ९८४५७८४३०७ | प्रदीप |
| ०१-५१००४९४ | कोटेश्वर |
| ९८४४००८४०० | लाल बहादुर |

रिजर्भ चाहिएमा सम्पर्क
सानोभाइ फलफूल एण्ड जुस भण्डार

## आलोपालो

# विकास, रोजगारी र उद्योग



● सुदर्शन अधिकारी

कुनै पनि उपभोग्य वस्तु उत्पादन गर्ने स्थललाई उद्योग भनेर चिनिन्छ । उद्योगले देशको कुल ग्राहस्थ उत्पादन वृद्धिगर्नुका साथै रोजगारी सिर्जना गरी समग्रमा देशको आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँछ । आज देशमा बेरोजगारी समस्याले गाँजेर दैनिक लगभग दुई हजारका संख्यामा नेपालीहरू विदेशिन बाध्य छन् । उद्योग कलकारखानाको विकास गर्ने हो भने स्वदेशमा नै रोजगारीको अवसर प्राप्त हुन्थ्यो । यसबाट राष्ट्रिय आम्दानी बृद्धि भई समग्र अर्थतन्त्रमा समेत सकारात्मक प्रभाव पर्ने निश्चित छ । मूलत देशमा छ्यालीस सालको राजनीतिक परिवर्तन पश्चात् देशमा उद्योगधन्दाको विकास र बिस्तार होला भन्ने अपेक्षा थियो । त्यसको विपरीत झनै भएका उद्योगहरूको पनि निजीकरणका नाममा बिक्री गरियो ।

तत्कालीन समयमा चलेकै उद्योगहरू निजीकरण र उदार अर्थतन्त्रका नाममा बेचिने कार्यले औद्योगिक विकासमा झन् संकट निम्त्यायो । त्यस बेलामा सहज रूपले सञ्चालित उद्योगहरू बाँसबारी छालाजुत्ता, हिमाल सिमेन्ट, भक्तपुर ईंट्टा, भृकुटी कागज कारखाना, गोरखकाली टायर उद्योग, जनकपुर चुरोट कारखाना लगायतका दर्जनौ उद्योगको विकासमा जोडदिनु पर्नेमा उल्टै कारखाना बिक्री गरियो । देशको एक मात्र औषधिलउद्योग औषधी विभाग त्यसैगरी चीन सरकारले निर्माण गरेको त्रिपुरेश्वर-कोटेश्वर सम्मको ट्रलीबस जस्ता ज्यादै उपयोगी सेवाहरू बन्द हुन पुगे । यस्ता महत्वपूर्ण सेवाप्रदायक उद्योगलाई टिकाइ राख्नका लागि राज्यले हरतरहले प्रयास गर्नुपर्ने थियो, तर त्यो भएको पाइएन ।

अत्यन्तै सहजढंगले सञ्चालित चर्चित हेटौडा कपडा उद्योग पनि प्रभावकारी व्यवस्थापनको अभावका कारण बन्द भयो । त्यसलाई पुनर्जीवन दिने प्रयास भैरहेको देखिदैन । उद्योगबाट उत्पादित कपडा राष्ट्र सेवक कर्मचारी, निजामती, प्रहरी, शिक्षक र सेनालगायतका दर्जनौ संस्थानका झन्डै ५ लाख कर्मचारीले आ-आफ्नो कार्यलयका पोशाकका रूपमा उपभोग गरे मात्र पनि नाफामै सञ्चालन गर्न सकिन्छ । बाँसबारी छालाजुत्ता कारखानालाई सहजै सञ्चालन गरी त्यसबाट उत्पादित जुत्ता राष्ट्रसेवक कर्मचारीले उपयोग गरेमात्र पनि त्यो उद्योग टिक्छ ।

भृकुटी कागज कारखाना सञ्चालन गरी देशभरका सरकारी कार्यालयमा आवश्यक पर्ने कागज प्रयोग गरेमा मात्र पनि त्यो उद्योग सञ्चालनमा आउँछ । गोरखामा रहेको गोरखकाली टायर उद्योग पुन सञ्चालनमा ल्याएर त्यहाँबाट उत्पादित टायरहरू सरकारी तथा संस्थानका सवारी साधनमा मात्र प्रयोग गरे पनि त्यो उद्योग अघि बढ्छ ।

भक्तपुर ईंट्टा तथा टायल कारखानालाई सरकारी निर्माण कार्यमा मात्र लगाए पनि मुनाफामा सञ्चालन हुन्छ । औषधि व्यवस्था विभागबाट समान्य औषधि सिटामोल, जीवनजल, क्याल्सियम तथा भिटामिन उत्पादन गरी सम्पूर्ण जिल्ला अस्पतालमा मात्र वितरण गरिए पनि त्यो मुनाफामा सञ्चालन हुन्छ । नेपाल खाद्य संस्थानले कृषि उत्पादन खरिद गरी सहुलियतमा वितरण गरे पनि यो मुनाफामा जान्छ । नेपाल दुग्ध विकास संस्थानमार्फत् जिल्लामा गाईभैंसी पालनलाई प्राथमिकता दिई दुध उत्पादलाई वृद्धि गराउन सकिन्छ । जसबाट दुध, पनिर, घ्यु उत्पादन तथा वितरण गर्न सकिन्छ । हिमाल सिमेन्ट, उदयपुर र हेटौडा सिमेन्ट जस्तै गरी सञ्चालनमा ल्याउने हो भने अवश्य पनि मुनाफामा जान्छ ।

अहिले गाउँमा बृद्धवृद्धा तथा बालबालिका मात्र छन् । युवा जनशक्ति रोजगारीको सिलसिलामा विदेश पलायन भएको छ । ...बाँकी ७ पेजमा यदि देशमा रोजगारी सिर्जना गर्ने हो भने माथि उल्लेख गरिएका उद्योगहरू सञ्चालनमा ल्याउनु पर्छ । किसानले कृषि ऋण सुविधा प्राप्त गर्न सकिरहेका छैनन् । सच्चा कृषकको नाममा जमिन नै छैन, जसको नाममा जमिन छन्, तिनले कृषिकार्य नै गर्दैनन् । आजको अर्को गम्भीर समस्या भनेको जमिबाँझो राख्ने प्रवृत्ति हो । युवा शक्तिको अभावले श्रमिक नपाएर उर्वर भूमि बाँझो रहन गएको छ । कृषि उत्पादनले बजार र उचित मूल्य नपाउँदा कृषक निरुत्साहित छन् । राज्यले समयमा नै धान, ऊखु लगायत कृषिउपजको मूल्यनिर्धारण नगर्दा हजारौं किसानहरूको उठिबास हुने अवस्था छ । उत्पादकले बजार पाउनेमा ढुक्क नहुन्जेलसम्म उत्पादन गर्ने तर्फ उत्प्रेरित हुने देखिदैन । यसरी राज्यले थोरै र प्रभावकारी कदम चाल्ने हो भने पनि थुप्रै सङ्ख्यामा रोजगारीको सिर्जना भई बेरोजगारीको समस्या पनि क्रमशः हल हुदैं जानेछ ।

अब रह्यो सवाल, पूँजी लगानी गर्ने आर्थिक स्रोत कहाँबाट प्राप्तगर्ने भन्ने त्यसका लागि जहाँ इच्छा त्यहाँ उपाय भने झैं आर्थिक स्रोत जुटाउन सक्ने विभिन्न उपायहरू छन् । नेपाल प्रहरी, नेपाली सेना, सञ्चयकोष, नागरिक लगानी कोष लगायतका संस्थामा लगानी गर्ने क्षेत्र नपाएर अर्बौ रकम यसै रहेका छन् । राज्यले न्युनतम व्याजदरमा कम्तिमा पाँचवर्षको समय लिएर स्रोत जुटाएर प्रभावकारी ढङ्गले ती सबै उद्योगको स्थापना र पुनर्जीवन दिन सक्नुपर्छ । राज्यले ठूलो उपलब्धी हासिल गर्न सक्ने थियो । हालको स्थिर सरकारले यसतर्फ गम्भीरतापूर्वक कार्य आरम्भ गर्ने हो भने साख पनि जोगिने, राष्ट्रलाई पनि हित हुनेमा विमति रहदैंन ।

# क्रान्तिकारी पत्रकार महासंघको ३ नं. प्रदेशको संयोजकमा रनसुर महतरा

काठमाडौं । क्रान्तिकारी पत्रकार महासंघ प्रदेश नं. ३ को प्रदेश भेला बुधबार काठमाडौंको बुद्धनगरमा सम्पन्न भएको छ । नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समितिका सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको केन्द्रीय अध्यक्ष सीपी गजुरेलको प्रमुख आतिथ्यतामा सम्पन्न भेलामा क्रान्तिकारी माओवादीका पिविएम तथा ३ नं. प्रदेश सचिव दिनेश शर्मा, संगठनका केन्द्रीय अध्यक्ष इन्द्र राउत, पार्टीका केन्द्रीय सदस्य हरिकृष्ण गजुरेल, संगठनका केन्द्रीय कार्यालय सदस्य लोकराज जैसीलगायतका नेताहरूको उपस्थिति रहेको थियो ।

भेलाले पत्रकार रनसुर महतराको संयोजकत्वमा २१ सदस्यीय ३ नं. प्रदेश समितिको निर्माण गरेको छ । उक्त संगठनको प्रदेश समितिका अन्य सदस्यहरूमा सागर श्रेष्ठ, कुमार भट्टराई, विष्णु आले, गोपालदास श्रेष्ठ, भागवतनरसिंह प्रधान, निर्मला रेग्मी, प्रदीप श्रेष्ठ, पदम मोक्तान, दीपक पोखरेल, सुजा पुडासैनी, नविन वाइवा, जय दाहाल, रामशरण नेपाली, वालकृष्ण थापा, विधुर ढकाललगायत रहेका छन् ।

भेलाले संगठनको राष्ट्रिय सम्मेलनलाई लक्षित गरी फागुनको पहिलो हप्ताभित्र प्रदेशका सबै जिल्लामा जिल्ला भेला सम्पन्न गर्ने, पेशागत हकहितका विषय, प्रेस स्वतन्त्रता, श्रमजीवि पत्रकार ऐनको कार्यान्वयन लगायतका विषयमा प्रदेशका मुख्यमन्त्रीलाई ज्ञापनपत्र बुझाउने, पत्रकारका पेशागत मुद्दामा केन्द्रीत रहेर वृहत् अन्तर्क्रिया गर्ने निर्णय गरेको छ ।

साथै, भेला पछि बसेको प्रदेश कमिटिको पहिलो बैठकले सात सदस्यीय सचिवालय गठन तथा कार्यविभाजन समेत गरेको नवनिर्वाचित प्रदेश कमिटिको तर्फबाट संयोजक रनसुर महतराले जारी गरेको वक्तव्यमा जनाइएको छ ।

# देजमो बाँकेले थाल्यो वडा भेला तथा सम्मेलन

नेपालगञ्ज । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल बाँकेले जिल्लाका सबै स्थानीय तहका वडाहरूबाट मोर्चाको भेला तथा सम्मेलन सुरु गरेको छ । प्राप्त जानकारी अनुसार मोर्चाको राष्ट्रिय सम्मेलनलाई लक्षित गर्दै मोर्चाले जिल्लाको वडा भेला तथा सम्मेलनमा जोड दिएको छ । मोर्चाले जिल्लाको राप्ती सोनारी गाउँपालिकाका वडाहरूबाट भेला तथा सम्मेलन सुरु गरेको छ । चैत्र २४ मा गरिने राष्ट्रिय सम्मेलनलाई भव्य बनाउन गाउँ गाउँमा संगठन विस्तार तथा सुदृढीकरण अभियानमा जुटेको मोर्चा सम्बद्ध नेताहरूले बताएका छन् ।

## क्रान्तिकारी...

रहेको र त्यसलाई कार्यान्वयन लैजाने प्रतिबद्धता जनाए ।

उनले पत्रकारले पनि पेशागत मर्यादालाई ख्याल गर्दै पत्रकारिता गर्नुपर्ने बताए । उनले समानुपातिक विज्ञापन प्रणाली लागु गर्नेदेखि महासंघले उठाएका धेरै मागहरू पुरा गर्न आफू तयार रहेको बताए ।

## डबल...

जानकारी अनुसार शुक्रबार डबल नेकपाका जिल्ला नेता तथा पूर्व जनमुक्ति सेनाका कमाण्डर नवलसिंह परियार'परिवर्तन', तत्तकालीन नेकपा एमाले हाल नेकपाका एरिया सदस्य डवल नेपाली, समर्थकहरू कमरेड गणेश, कमल लगायतका नेता कार्यकर्ताहरू क्रान्तिकारी माओवादीमा समाहित भएका छन् भने शनिबार अर्थात् ५ माघमा विभिन्न पार्टी निकट विध्यार्थी संगठन परित्याग गरी विध्यार्थी नेताहरू क्रान्तिकारी माओवादीमा समाहित भएका छन् ।

यसरी पार्टीमा समाहित हुन आइपुगेका नेता कार्यकर्ताहरूलाई क्रान्तिकारी माओवादीका केस तथा कर्णाली प्रदेश निमित्त सचिव कृष्ण गुरुङ, पार्टी केस तथा दैलेख इन्चार्ज दीपक शाहीले खादा र अबिर लगाएर पार्टीमा समाहित गरेका थिए भने पार्टीका सुर्खेत सेक्रेटरी श्याम कार्कीले अन्य पार्टी परित्याग गरेर आएका नेता कार्यकर्तालाई धन्यवाद ज्ञापन गरेका थिए ।

पार्टीमा समाहित हुन आएका नेता कार्यकर्ताहरूले डबल नेकपा प्रतिक्रियावादी कित्तामा उभिएर जनविरोधी तथा राष्ट्रविरोधी क्रियाकलापमा बद्नाम हुँदै गएको र नेपालको सच्चा र क्रान्तिकारी कम्युनिस्ट पार्टी क्रान्तिकारी मात्र रहेको ठहर गरी यो पार्टीमा समाहित हुन आइपुगेको प्रतिक्रिया दिएका छन् । उनीहरूले राष्ट्रियता, जनतन्त्र र जनजीविकाका भयावह समस्याहरूको समाधानका लागि नयाँ जनवादी क्रान्ति अपरिहार्य रहेको र त्यसको नेतृत्वमा क्रान्तिकारी माओवादी बाहेक अन्य पार्टीले गर्न नसक्ने निष्कर्ष पनि आफूहरूको रहेको बताएका छन् ।

# बर्दियामा सम्पन्न हुँदैछन् देजमोका सम्मेलनहरू

बर्दिया । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको चैत्र २४ मा गरिने राष्ट्रिय सम्मेलनलाई लक्षित गर्दै बर्दियाले जिल्लाका स्थानीय तहहरूमा धमाधम सम्मेलनहरू सम्पन्न गर्न थालेको छ । प्राप्त जानकारी अनुसार शनिबार मोर्चाले गुलरिया नपाको सम्मेलन भव्य रूपमा सम्पन्न गरेको छ ।

नेकपा (क्रान्तिकारी माओवादी)का केस तथा बाँके-बर्दिया इन्चार्ज संकुलको प्रमुख आतिथ्यतामा सम्पन्न सम्मेलनले लक्षिराम यादवको नेतृत्वमा १५ सदस्यीय नगर कमिटिको निर्माण गरेको छ । लक्षिराम यादवले अध्यक्षता गरेको सम्मेलनको सञ्चालन विशालले गरेका थिए भने सम्मेलनमा क्रान्तिकारी माओवादी बर्दियाका सेक्रेटरी भुकम्प लगायतका नेताहरूको उपस्थिति रहेको थियो । सम्मेलनमा सबै वडाहरूबाट प्रतिनिधि पर्यवेक्षकहरूको उपस्थिति रहेको मोर्चा सम्बद्ध स्रोतले जनाएको छ ।

यसअघि मोर्चाले बासगढी नपाको सम्मेलन पनि भव्यतापूर्वक सम्पन्न गरेको थियो । अब अन्य स्थानीय तहमा पनि सम्मेलनको तयारी तीव्र भइरहेको बताइएको छ ।















**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : सचिरनन्द महर्जन, **फोटो**: जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।